# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# इच्छाकामना गाउँपालिका, चितवन




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्था एवं नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

(बागमती प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८।७९
च न ६४०

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
इच्छाकामना गाउँपालिका, चितवन ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. यस गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ४१ लाख १८ हजार बेरुजू देखिएको छ। सो मध्ये असुल गर्नुपर्ने रू.७ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६१ लाख १६ हजार, नियमित गर्नुपर्ने रू.३४ लाख ५४ हजार र पेश्की रू.३७ लाख ७३ हजार रहेको छ । पालिकाको गत वर्षसम्मको रु. १३ करोड ६२ लाख ५८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट रु। ५ करोड २८ लाख ८७ हजार फछ्र्यौट भई तथा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु। ९ करोड ७४ लाख ९० हजार रहेको छ । यस पालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(त्रिलोचन आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

# इच्छाकामना गाउँपालिका, चितवन

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५१ | ३२ | १४११८ | ० | ० | ० | ५१ | ३२ | १४११८ | ७७५ | ३४५४ | ६११६ | ० | ० | ९५७० | ३७७३ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चितवन | १३६२५८ | ० | ५२८८७ | ८३३७१ | ० | १४११८ | ९७४९० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : इच्छाकामना गाउँपालिका, चितवन , इच्छाकामना गाउँपालिका , चितवन

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री शालिकराम बस्याल | २०७८-१०-१८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | श्री राम दत्त भट्ट | २०७७-११-१० | |
| कार्यालय प्रमुख | श्री सुकदेव लम्साल | २०७७-४-१ | |
| लेखा प्रमुख | श्री पवन खरेल | २०७८-४-१ | |
| लेखा प्रमुख | श्री विनोद अर्याल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १४,११८,१९० |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १०,६४,५०,००० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६८,७४,३०,००० | चालु खर्च | ३३,७६,५३,००० |
| प्रदेश सरकारबाट अनुदान | ५,६१,३६,००० | पूँजीगत खर्च | २०,०३,४५,००० |
| राजश्व बाँडफाँट | १४,३५,३१,००० | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | ७,५७,५७,००० | | |
| अन्य आय | ० | | |
| कुल आय | ९६,२८,५४,००० | कुल खर्च | ५३,७९,९८,००० |
| बाँकी मौज्दात | | ५३,१३,०६,००० | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | ईच्छाकामना गाउँपालिका<br>**लेखापरीक्षण प्रतिवेदन**<br>**२०७७।७८**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्वती सदृढिकरण मार्फत विधावयकी, कायाकारीणी र न्यायिक अभ्यास संस्थागत गरी स्थानीय सरकारको सञ्चालन गर्न गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारको सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्धन गर्दै स्थानीय सरकारका काममा जनसहभागिता तथा उत्तरदायित्व प्रवर्धन गरी पारदर्शिता सुनिश्चित गर्नु गाउँपालिकाको उदेश्य रहेको छ । कुल क्षेत्रफल १६६.६७ वर्ग किलोमिटर रहेको गाउँपालिकामा ७ वडा तथा ३३ सभा सदस्य रहेका छन् भने जनसंख्या करिव २५ हजार रहेको छ । | |
| २ | | | **स्थानीय सञ्चित कोष :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पालिकामा स्थानीय सञ्चित कोष रहने तथा दफा ७२ मा आय व्ययको लेखाङ्कन सम्वन्धि व्यवस्था रहे अनुसार आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः | |

| ईच्छाकामना गाउँपालिक | | | |
|---|---|---|---|
| आ.ब. ०७७।७८ | | | |
| आय व्ययको बिबरण (रु. हजारमा) | | | |
| आय | रकम | व्यय | रकम |
| संघीय सरकार | ६८७४३० | चालु | ३३७६५३ |
| समानिकरण अनुदान | १७५६०० | पारिश्रमिक कर्मचारी | १३९३४९ |
| शसर्त अनुदान चालु | ५११८३० | पोशाक | २२० |
| प्रदेश सरकार | ५६१३६ | खाद्यान्न | ७६०१ |
| समानिकरण अनुदान | १७७८० | औषधीउपचार खर्च | १०३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शसर्त अनुदान चालु | १२८३८ | महंगी भत्ता | ४१६ | | |
| | | | | विषेश अनुदान चालु | ८७५० | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १८१० | | |
| | | | | समपुरक अनुदान चालु | १६७६८ | अन्य भत्ता | ५६५ | | |
| | | | | राजस्व बाडफाड | १४३५३१ | पदाधिकारी बैठक भत्ता | ३७६ | | |
| | | | | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | पदाधिकारीअन्य सुबिधा | ५११८ | | |
| | | | | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ११५६८९ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १२४२ | | |
| | | | | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २७८४२ | | | | |
| | | | | अन्तरिक श्रोत | १८२२०५ | पानी तथा बिजुली | ३५३ | | |
| | | | | एकीकृत सम्पती कर | ९७७ | संचार महसुल | ५५१ | | |
| | | | | भुमिकर/मालपोत | १०२०३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | १५० | | |
| | | | | घरवहाल कर | १२१२ | इन्धन (कार्यालय प्रयोजन) | २४२२ | | |
| | | | | वहाल विटौरी कर | ० | सवारी साधन मर्मत खर्च | १४९२ | | |
| | | | | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | बिमा तथा नवीकरण खर्च | ३९० | | |
| | | | | अन्य कर | ३१७३ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ५०० | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अन्य संस्थागत आन्तरिक अनुदान | २४३३९ | मसलन्द तथा कार्यालय सामाग्री | ४०४६ | | |
| | | | | अन्य सेवा शुल्क तथा बिक्री | १४९७ | पशुपंक्षीहरूको आहार | २३९ | | |
| | | | | न्यायिक दस्तूर | ३ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २१०४ | | |
| | | | | शिक्षा क्षेत्रको आम्दानी | ० | अन्य कार्यालय संचालन खर्च | ६४७५ | | |
| | | | | अन्य प्रशासनिक सेवा शुल्क | ० | सेवा र परामर्श खर्च | ७७८ | | |
| | | | | पार्किङ्ग शुल्क | ० | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ६४९ | | |
| | | | | नक्सापास दस्तुर | ७२८ | करार सेवा शुल्क | २५८६२ | | |
| | | | | सिफारिश दस्तुर | ७३५६ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ३२१६ | | |
| | | | | व्यक्तिगत घटना दर्ता दस्तुर | २३ | उत्पादन सामग्री / सेवा खर्च | ३२५ | | |
| | | | | नाता प्रमाणित दस्तुर | ११ | कार्यक्रम खर्च | ३७६६७ | | |
| | | | | अन्य दस्तुर | ६७५ | विविध कार्यक्रम खर्च | १००२४ | | |
| | | | | प्रशासनिक दण्ड, जरिवाना र जफत | ४१ | अनुगमन, मूल्यांकन खर्च | ७६२ | | |
| | | | | अन्य राजस्व | २०५३४ | भ्रमण खर्च | ७८२ | | |
| | | | | व्यवसाय कर | ४९८५ | विविध खर्च | ५०४२ | | |
| | | | | बैंक मौज्दात | १०६४५० | शैक्षिक संस्थाहरूलाई सहायता | २८४७ | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थानीय तहलाइ सःशर्त चालु अनुदान | १५० | | |
| | | | | | | स्थानीय तहलाइ सःशर्त पुँजीगत अनुदान | १९६ | | |
| | | | | | | अन्य सामाजिक सुरक्षा | ३४० | | |
| | | | | | | छात्रवृत्ति | १५३२ | | |
| | | | | | | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | ४९७६ | | |
| | | | | | | औषधीखरिद खर्च | ९७८ | | |
| | | | | | | घरभाडा | ६२८ | | |
| | | | | | | सवारी साधन तथा मेशिनर औजार भाडा | ४३३ | | |
| | | | | | | अन्य फिर्ता | ६३९६७ | | |
| | | | | | | पूंजीगत | २००३४५ | | |
| | | | | | | आवासीय भवन निर्माण/खरिद | ३२८२७ | | |
| | | | | | | गैर आवासीय भवन निर्माण/खरिद | १८५३२ | | |
| | | | | | | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ८३६५ | | |
| | | | | | | जग्गा विकास कार्य | ३५६ | | |
| | | | | | | मेशिनरी तथा औजार | २७१६ | | |
| | | | | | | फर्निचर तथा फिक्चर्स | १६७४ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | पशुधन तथा बागवानी विकास खर्च | २७६० | |
| | | | | | सडक तथा पूल निर्माण | ४६७६९ | |
| | | | | | तटबन्ध तथा बाँधनिर्माण | १९४५ | |
| | | | | | सिंचाई संरचना निर्माण | ४९०२ | |
| | | | | | खानेपानी संरचना निर्माण | २०७१७ | |
| | | | | | वन तथा वातावरण संरक्षण | १२०० | |
| | | | | | सरसफाई संरचना निर्माण | १६३१ | |
| | | | | | अन्य सार्वजनिक निर्माण | ५१०८९ | |
| | | | | | पूँजीगत अनुसन्धान तथा परामर्श | ४८६२ | |
| | | | जम्मा | १०६९३०२ | जम्मा | ५३७९९८ | |
| | | | वित्तिय विवरणमा फरक परेको | ५३१३०४ | | | |
| ३ | | | उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।<br>उल्लेखित कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **लेखापरीक्षणको क्रममा असुलीः**<br>गाउँपालिकाको लेखापरीक्षणको क्रममा देहाय अनुसार रु. ९,४०,८८३.०० दाखिला भएको छ । | |

| क्रमश | विवरण | भौचर नं. | रकम |
|---|---|---|---|
| १ | आय कर दाखिला | १२३१७२९७ | १५१२२ |
| २ | आय कर दाखिला | १२३१९४५५ | ४१६१ |
| ३ | आय कर दाखिला | १२३१९४५४ | ४१८९ |
| ४ | आय कर दाखिला | १२३१९४५८ | ४१६१ |
| ५ | आय कर दाखिला | १२३१९४५३ | ६८११ |
| ६ | आय कर दाखिला | १२३१९४६४ | ४१६१ |
| ७ | आय कर दाखिला | १२३१९४६३ | ३९९० |
| ८ | आय कर दाखिला | १२३१९४६२ | १८६३ |
| ९ | आय कर दाखिला | १२३१९४६१ | १३८३ |
| १० | आय कर दाखिला | १२३१९४५९ | १५१२२ |
| ११ | आय कर दाखिला | १२३१९४५७ | ३९७ |
| १२ | बढीभुक्तानी दाखिला | १४३९१३७१ | १४१५० |
| १३ | बढीभुक्तानी दाखिला | १४३९१३७० | ३५५३० |
| १४ | पदाधिकारी कर दाखिला | १४३९१३८८ | १८९७२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>१५</td><td>बढीभुक्तानी दाखिला</td><td>१४३९१३८७</td><td>१३८६२</td></tr><tr><td>१६</td><td>शिक्षा तर्फ</td><td>बिभिन्न २२</td><td>५६८९२७</td></tr><tr><td>१७</td><td>पारिश्रमिक कर</td><td>११४७४२६</td><td>५२२१५</td></tr><tr><td>१८</td><td>बढी तलव</td><td>१२३१९५०३</td><td>५१३७</td></tr><tr><td></td><td>जम्मा</td><td></td><td>९४०८८३</td></tr></table> | |
| ५ | | | **सम्पत्ति उपयोग :** सम्पत्ति उपयोग, संरक्षण तथा जिन्सि अभिलेखिकरण लगायतका विषयमा देखिएका व्यहोरा देहाय अनुसार छ । | |
| ५.१ | | २०७८-११-१६ | **सम्पत्ति संरक्षण** : गरपालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन । साविक गाउँपालिका तथा नगरपालिकाबाट हस्तान्तरण भई आएको सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिन्छ । यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत व्यहोरा औल्याएकोमा सुधार भएको देखिएन । | |
| ५.२ | | | **सम्पत्ति रेखदेख** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ । पालिकाले यस्ता सम्पत्तिको रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गरेको देखिएन । सम्पत्ति संरक्षणको पर्याप्त प्रवन्ध गर्ने गरी सुधार गर्नु पर्दछ । | |
| ५.३ | | | **जिन्सी अभिलेखिकरण** : नीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी २०७५ असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । अभिलेखको अभावमा हस्तान्तरण भई आएको सम्पत्ति तथा सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन । अभिलेख प्रणालिमा सुधार गरी सम्पत्ति लेखाङ्कन अद्यावधिक गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार नियम ४६ र ४७ बमोजिम लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनिहरुको राम्रो संरक्षण गर्ने र तिनीहरुको राम्रो संभार गरी चालु अबस्थामा राख्ने उतरदायीत्व सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस वर्ष खरिद गरेका कतिपय फर्निचर, कम्प्युटर लगायतका सामान वडा कार्यालयबाट खरिद गर्ने र सो को भुक्तानी नगरपालिकाबाट हुने गरेको पाइयो । यसरी खरिद गरेका समान वडा कार्यालयमा नै दाखिला भएको भनि नगरपालिकाको मुल जिन्सी खातामा आम्दानी जनाउने गरेको देखिन्छ । यसरी नगरपालिकाको मुल जिन्सी खातामा आम्दानी नजनाउदा नगरपालिकाको बास्तविक सम्पत्ति एकिन हुने अवस्था नरहने हुँदा सवारी साधन फर्निचर कम्प्यूटर लगायत खर्च हुने नहुने सामान नगरपालिकाबाट नै खरिद गरी मुल जिन्सी खाताबाट सहायक जिन्सी खाता राखी वडा कार्यालयमा हस्तान्तरण हुनु पर्ने देखिन्छ । | |
| ६ | | | **वित्तिय विवरण :**<br>वित्तिय विवरण परीक्षणबाट देखिएका व्यहोरा देहायमा उल्लेख छ । | |
| ६.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम कर्मचारीको योगदानमा आधारित निबृत्तिभरण तथा उपदान कोषमा रु. १२,४२,४२०.०० जम्मा गरेको देखिन्छ । उपदान कोषको सञ्चालन तथा मौज्दात व्यवस्थापन सञ्चालन कार्यविधिबाट व्यवस्थित गर्नु पर्ने देखिन्छ । | |
| ६.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको वित्तिय विवरणमा पालिका तर्फको आय व्यय समावेश भएपनि कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत हुने भुक्तानी अनुसारको विवरण समावेश भएको देखिएन । सुत्र सफ्टवेयर अवलम्वन गरी तयार गरेको वित्तिय विवरणको आय तर्फ रु. १,०६,९३,०९ हजार र व्यय तर्फ रु. ५३,७९,९८ हजार लेखाङ्कन भई रु. ५३,१३,११ फरक परेकोमा बैक मौज्दात लेखाङ्कन गरेको छैन । गरेकोमा मिति २०७८।४।१ मा ग्लोवल बैंकको बैंक स्टेटमेण्ट अनुसार रु. ८,४७,३५ बैक मौज्दात बाँकी देखिन्छ । यस आधारमा रु. ४४,६५,७६ हजारको हिसाव मिलान भएको देखिएन । स्रेस्ता तथा बैकमा फरक परेको हिसावका सम्वन्धमा बैक समायोजन विवरण तयार गरी हिसाव मिलान गरेको छैन । बैक तथा खाताको हिसाव समयोजन गरी बैक मौज्दात लेखाङ्कन वास्तविक बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले देहाय बमोजिम खाताको बैंक हिसाब मिलान विवरण तयार गरी फरफारक हुन बाँकी मार्गस्थ चेकको विवरण प्रस्तुत गरेको छ । सञ्चित कोष तर्फ गत विगत देखिको मौज्दात फरक रु. १,४८,००,०००.०० का सम्वन्धमा हिसाव मिलान गरेको देखिएन । मौज्दात फरक पर्नाको कारण यकिन गरी हिसाव फरफारक गर्नु पर्दछ । | |

| कोष/खाता | श्रेस्ता अनुसार मौज्दात | वैक अनुसार मौज्दात | फरक रु हजारमा |
|---|---|---|---|
| ग २.७ - विविध खर्च खाता | ७७१ | ० | ७७१ |
| ग ३.१ - स्थानीय तह धरौटी खाता | ६०६४ | ७०३६ | ९७२ |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता | १२५७५ | १०६४५० | ९३८७५ |
| ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २३२३ | २३२३ | ० |
| जम्मा | २१७३३ | ११५८०९ | ९४०७७ |

मिति २०७८।४।१ मा ग्लोवल बैंकको बैंक स्टेटमेण्ट अनुसार रु. ८,४७,३५,८७७.४४ बैक मौज्दात बाँकी देखिन्छ । बैंक स्टेटमेण्ट अनुसारको रकम वित्तिय विवरणमा प्रविष्टि नगरी मौज्रुदात रु. ११,५८,०९,०००.०० लेखाङ्कन गरी वित्तिय विवरण तयार गरेकोमा सो मितिको बैंक मौज्दातमा मात्र रु. ३,१०,७३,१२२.५६ को हिसाव मिलान भएको छैन । यसबाट बैंक मौज्दातको अवस्था वास्तविक देखिएन । स्रेस्ता तथा बैकमा फरक परेको हिसावका सम्वन्धमा बैक समायोजन विवरण तयार गरी हिसाव मिलान गरेको छैन । बैक तथा खाताको हिसाव समयोजन गरी बैक मौज्दात लेखाङ्कन वास्तविक बनाउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **पेश्की फछ्र्यौट :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ (३) मा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । कार्यालयले यो वर्ष देहायका कर्मचारी/निर्माण व्यवसायी/संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) अनुसार फछ्र्यौट गर्नुपर्दछ । | ३,७७२,६६० |

| क्र.सं. | भौ.नं. | पेश्कीको विवरण | मिति | संस्था | रकम |
|---|---|---|---|---|---|
| १ | ३० | हाइवे हस्पिटल | २०७७।८।२० | मुग्लिङ हाइवे हस्पिटल | ३००००० |
| २ | १४५ | अन्य सामाजिक निर्माण | २०७७।१२।२१ | मुग्लिङ हाइवे हस्पिटल प्रा.लि. | ६००००० |
| ३ | ३७५ | पानी तथा बिजुली | २०७७।१२।२१ | श्री मर्स्याङ्दि ब.स.सं.लि. | २४१६० |
| ४ | ४०६ | अपाङ्ग सिकाई केन्द्र | २०७७।१२।२६ | समाहित शिक्षा लेखाजोखा केन्द्र | ५०००० |
| ५ | ५४९ | फोहोरमैला व्यवस्थापन | २०७८।२।२० | माता कंकाली माई उद्योग | २५०००० |
| ६ | २४१ | कृषि पशु लगायतको विकास साझेदारी | २०७८।३।६ | हेफर प्रोजेक्ट नेपाल | ५००००० |
| ७ | ५९८ | सर्वशान्ति क्याम्पस | २०७८।३।९ | सर्वशान्ति क्याम्पस | ८००००० |
| ८ | ५९८ | सर्वशान्ति क्याम्पस संस्थागत अनुदान | २०७८।३।९ | सर्वशान्ति क्याम्पस | ४८५०० |
| ९ | २२५ | वडा कार्यालय भवन वडा नं.२ | २०७८।२।२८ | वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | १०००००० |
| १० | २२८ | बारबाङ्ग खोला तटबन्धन | २०७८।२।३० | बारबाङ खोला तटबन्धन उपभोक्ता समिति | २००००० |
| | जम्मा | | | | ३७७२६६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

**आन्तरिक आय :**

गाउँपालिकाले उपलव्ध गराएको आय व्यय विवरण अनुसार नगरपालिकाले देहायम शिर्षकमा आन्तरिक आय आर्जन गरेको देखिन्छ । केही शिर्षकमा अनुमान भन्दा धेरै बढी र केहिमा निकै कम संकलन भएकोमा आय अनुमान वास्तविक देखिएन । आय अनुमान तथ्याङ्कमा आधारित र वास्तविक बनाउनु पर्दछ ।

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | प्रतिशत |
|---|---|---|---|
| राजस्व बाडफाड | ९७१३४ | १४३५३१ | -४८ |
| घरजग्गा रजिष्टेशन दस्तुर | ३००० | ० | १०० |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७८६७६ | ११५६८९ | -४७ |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १५४५८ | २७८४२ | -८० |
| अन्तरिक श्रोत | २०३०८१ | १८२२०५ | १० |
| एकीकृत सम्पती कर | १००० | ९७७ | २ |
| भुमिकर/मालपोत | ८०० | १०२०३ | -११७५ |
| घरवहाल कर | १००० | १२१२ | -२१ |
| वहाल विटौरी कर | ५०० | ० | १०० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०० | ० | १०० |
| अन्य कर | २६४५ | ३१७३ | -२० |
| अन्य संस्थागत आन्तरिक अनुदान | २७००० | २४३३९ | १० |
| अन्य सेवा शुल्क तथा बिक्री | १५०० | १४९७ | ० |
| न्यायिक दस्तूर | १० | ३ | ७० |
| शिक्षा क्षेत्रको आम्दानी | २०० | ० | १०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>अन्य प्रशासनिक सेवा शुल्क</td><td>२०</td><td>०</td><td>१००</td></tr>
<tr><td>पार्किङ्ग शुल्क</td><td>२०</td><td>०</td><td>१००</td></tr>
<tr><td>नक्सापास दस्तुर</td><td>५००</td><td>७२८</td><td>-४६</td></tr>
<tr><td>सिफारिश दस्तुर</td><td>१०००</td><td>७३५६</td><td>-६३६</td></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>५०</td><td>२३</td><td>५५</td></tr>
<tr><td>नाता प्रमाणित दस्तुर</td><td>२००</td><td>११</td><td>९५</td></tr>
<tr><td>अन्य दस्तुर</td><td>१८०००</td><td>६७५</td><td>९६</td></tr>
<tr><td>प्रशासनिक दण्ड, जरिवाना र जफत</td><td>६४</td><td>४१</td><td>३७</td></tr>
<tr><td>अन्य राजस्व</td><td>१४६००</td><td>२०५३४</td><td>-४१</td></tr>
<tr><td>व्यवसाय कर</td><td>२०००</td><td>४९८५</td><td>-१४९</td></tr>
<tr><td>जम्मा</td><td>६७६४५१</td><td>१०६९३०२</td><td></td></tr>
</table>
गाउपालिकाले वडाहरुमा रसिद वितरण गरी र केन्द्रले समेत हाते रसिद प्रयोग गर्दै आएको छ । केन्द्र देखि टाढको दुरीमा रहेका वडाले संकलन गरेको आम्दानीको वास्तविक अवस्था यकिन हुनेगरी अनुगमन गरेको देखिएन । साथै लगत कायम गर्नुपर्ने राजस्वको लगत तयार गरी अद्यावधिक गरेको देखिएन । यसबाट राजस्वा प्राप्तिको अवस्था विश्लेषण हुन सकेन । राजस्व लगत कायम गरी रसिद नियन्त्रण तथा दाखिला अवस्थाको नियमित अनुगमन मार्फत आय प्रणाली यथार्थ बनाउनु पर्ने देखिन्छ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>क्षेत्रगत कार्यक्रम :<br>क्षेत्रगत कार्यक्रम :स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शनको ५.१ मा सामाजिक विकासका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता सामाजिक विकास तथा पूर्वाधार क्षेत्रमा समानुपातिक रुपमा वजेट व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । पालिकाले आर्थिक विकासमा ६, सामाजिक विकासमा ५०, पुर्वाधार विकासमा २२, सुशासनमा ४ र कार्यालय सञ्चालनमा १८ प्रतिशत सम्म विनियोजन गरी खर्च गरेको छ । बजेट व्यवस्थापनको तालिकागत विवरण देहायमा उल्लेख छ । प्रथमिकिकरणका क्षेत्र निर्धारण गरी बजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>सि.नं.</th><th>शीर्षक</th><th>विनियोजन</th><th>प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३९७८१</td><td>६</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>३३४९१०</td><td>५०</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१५०३८२</td><td>२२</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२६३८६</td><td>४</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१२४९९०</td><td>१८</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td>६७६४५१</td><td>१००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>कानुन निर्माण तथा कार्यान्वयन :</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १०.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यसै व्यवस्था अनुसार देहाय अनुसारको संख्या कानुन बनाई कार्यान्वयनमा ल्याएको विवरण उपलव्ध गराएको छ ।<br><br>क्र.सं \| विवरण \| संख्या<br>१ \| ऐन \| ७<br>२ \| विधेयक \| २<br>३ \| नियमावली \| ३<br>४ \| कार्यविधि \| २७<br>५ \| निर्देशिका \| १<br>६ \| आचार संहिता \| १<br> \| जम्मा \| ३१ | |
| १०.२ | | २०७८-११-१७ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउने सम्वन्धि व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार न्यायिक समितिमा ६ उजुरी परी फछ्यौंट भएकोमा ६ बटा पुनरावेदनको चरणमा रहेको छ । | |
| ११ | | | **कर्मचारी व्यवस्थापन :**<br>तलव भत्ता वितरण, अद्यावधिक विवरण तथा तलवि प्रतिवेदन सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.१ | | | **अद्यावधिक विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहलेआफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । स्थाई, अस्थाई करार तथा अन्य कर्मचारीको विवरण माग गरेकोमा अद्यावधिक विवरण पेश भएन । पालिकाले नियमित तथा करार कर्मचारी पारिश्रमिकमा खर्च लेखेको छ । त्यसैगरी सोही ऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, मलि, बगैँचे लगायतका पदमा मात्र करार सेवाबाट कर्मचारी लिन सकिने व्यवस्था गरेको छ । विवरण तथा तथ्याङ्क पेश नभएकोले जनशक्ति व्यवस्थापनका सम्वन्धमा विश्लेषण गर्न सकिएन । | |
| ११.२ | | | **तलबी प्रतिवेदन :** निजमती सेवा ऐन**,** २०४९ मा तलब र ग्रेड भुक्तानी दिँदा पारीत ग्रेडलाई निजामती किताबखाना**,** कोष तथा लेखा नियन्त्रक कार्यालय वा आ.ले.प.शाखाबाट ग्रेड भिडान गरेर तलबी प्रतिवेदन पारीत गरी तलब भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस आ.व.मा चालुतर्फबाट तलब भुक्तानीमा रु. १३,९३,४९,३३०.३५ खर्च भएकोमा तलबी प्रतिवेदन पारित गरेको देखिएन । तलवी प्रतिवेदन पारित नगरी तलव खर्च लेखेको नियमित देखिएन । समयमा तलवी प्रतिवेदन पारित गर्ने तर्फ कार्यालयको ध्यान पुग्नुपर्ने देखिन्छ। | |
| ११.३ | | | **भत्ता वितरण** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने उल्लेख छ । पालिकले यस वर्ष प्रोत्शाहन भत्ता, जोखिम भत्ता, समित बैठक भत्ता, पदाधिकारी तथा कर्मचारी भत्तामा खर्च गरी वित्तिय विवरणमा खर्च लेखाङ्कन गरेको छ । भत्ता प्रदान गर्दा अवस्यकता तथा औचित्यता पुष्टि हुनेगरी कानुन द्वारानै व्यवस्थित गर्नुपर्नेमा पालिकाले अधिकाङ्गस भत्ता वितरण गर्दा कानुन ताथ निर्देशिकामा उल्लेख गरेको पाइएन । स्पष्ट कानुनी व्यवस्था नभई भत्ता वितरण गरेको उपयुक्त देखिएन । यस्तो पद्वतिमा सुधार गर्नु पर्दछ । | |
| १२ | | | **आन्तरिक नियन्त्रण प्रणाली :**<br>पालिकाले अवलम्वन गरेको आन्तरिक नियन्त्रण प्रणालीका सम्वन्धमा प्राप्त तथ्याङ्क विष्लेशणबाट देखिएका व्यहोरा देहाय अनुसार छ । | |
| १२.१ | | | **आन्तरिक नियन्त्रण** : सरकार सञ्चालन ऐन २०७४ माआन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पमदनगरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको नगर प्रमुख, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन ।<br>• स्थानीयसरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारकोवार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन ।<br>• पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाएपनिबहुबर्षिय योजना स्वीकृत गरी अभिलेखिकरण गरेको देखिएन ।<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यसको उपयुक्त व्यवस्थापन गरेको देखिएन ।<br>• पालिकाले जिन्सी सामानकोविवरण तयार गरी सहायक जिन्सी खाता राखेको जानएपनि वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेखमूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने उल्लेख गरेकोमा सुझाव कार्यान्वयन गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन ।<br>• योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन ।<br>• नगदी रसिद नियन्त्रण र निर्क्यौल गर्न प्रणाली व्यवस्थापन गरेपनि थप सुधार गरेको देखिएन ।<br>• अधुरा आयोजनाको समिक्षागरी उपलब्धि मापन गरेको देखिएन । यसबाटअधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.२ | | | **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।<br><br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्वा उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो । यसबाट नगरपालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन । पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ । प्रणाली व्यवस्थापनमा समेत नगरपालिकाको पहुँच हुन्नारी सुधार गर्नु पर्दछ ।<br><br>• सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।<br>• फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने अशल अभ्यास रहेको छ । पालिकाले यस सम्वन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकयलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको नकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.३ | | | **सवारी साधन मर्मत :** सावारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म ले प फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।<br><br>• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नुपर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको देखिएपनि समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।<br>• पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा रु. ११,९२,६१८.०० खर्च गरेको वित्तिय विवरणबाट देखिन्छ । सवै किसिमको मर्मतको अवश्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन । यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो अशर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.४ | | २०७८-११-१९ | भ्भ्ररमण खर्च भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी भ्रमणको अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यको आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरेको छ ।<br>भ्रमण खर्च नियमावली, २०६४ मा कार्यलायबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागिम. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण कार्यमा खर्च गरेको वित्तिय विवरणबाट देखिन्छ । विभिन्न कर्मचारीले विभिन्न स्थानमाभ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन । साथै तेरिज तयार नगरि एउटै गोश्वरा भौचरबाट अनुगमन तथा मुल्याँकन, सरुवा तथा भ्रमण भत्ता जस्ता खर्च एकमुष्ट रुपमा लेखि भ्रमण प्रतिबेदन संलग्न नगरी भुक्तानी गरेको छ। यसबाट अनुगमन तथा मुल्याँकन कार्यक्रम प्रभाबकारी भयो भन्ने आधार भएन । उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको परीक्षण गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।<br>सोही नियमलीमा भ्रमण पेश्की लिने कर्मचारीले भ्रमणबाट फर्की आएपछि म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने र प्रतिवेदन प्राप्त भएपछि भ्रमणको उपलव्धि मापन गरी जिम्मेवार पदाधिकारीले पेश्की फछ्यौंट गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस अनुसारको भ्रमण प्रतिवेदन लिई अभिलेखिकृत गरेको छैन । यसले आन्तरिक नियन्त्रण व्यवस्था कमजोर देखाएको छ । यस्तो अवस्थामा सुधार गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.५ | | | आम्दानी खर्च लेखाङ्कन तथा वित्तिय विवरण तयारी लगायत कार्यालयको प्रत्यक तहमा प्रयोग हुने कार्य अभिलेखिकरण गर्न महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरे अनुसारका म. ले. प. फारामहरु प्रयोग गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणबाट उठेका बेरुजुको अभिलेखिकरण गरी बेरुजु लगत राख्नुपर्दछ । पालिकाले केही म ले प फारमहरु राखेपनि अद्यावधिक गरेको देखिएन ।<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत राखेको देखिएन ।<br>• म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन ।<br>• म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत तयार गरेको पाइएन ।<br>• म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन तयार गरेको छैन ।<br>• म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन ।<br>• म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन ।<br>म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवश्था यकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ । | |
| १२.६ | | | **धरोटी अभिलेख** : पालिकाले निर्माण कार्य सम्झौता गर्दा र रनिङ्ग विल अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी राख्ने र धरौटी कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी कट्टी गरी राखेको धरौटी कार्य सम्पन्न भएपछि फिर्ता गर्नु पर्दछ । पालिकाले सुत्र प्रणालीबाट लेखा राखेकोमा सो वर्ष देखिको धरोटीको अभिलेख अद्यावधिक भएपिन सुत्र सफ्टवेयर लागु हुनुभन्दा अघिल्ला वर्षहरुको अभिलेख प्रणालीमा प्रविष्टि गरेको छैन । यसवाट धरौटी वास्तविक अवस्था यकिन नहुने देखिन्छ । साथै वित्तिय विवरणमा प्रस्तुत धरौटी समेत एकिकृत अभिलेखको अभावमा वास्तविक भए नभएको यकिन हुन सकेन । | |
| १३ | | | **खरिद व्यवस्थापन :**<br>पालिकाबाट उपलव्ध विवरणको विश्लेषणबाट खरिद व्यवस्थपनका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्ल्ख छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.१ | | | **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ७(३) मा कार्यालयका लागि एक खरिद ईकाई गठन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यो वर्ष वार्षिक खरिद योजना तयार गरेको नदेखिएकोले बर्षभरी कुन कुन सामान कति परिमाणमा आवश्यक पर्ने, कति सामान कहिले खरीद गर्ने र त्यसको उपयुक्त खरीद प्रकृया विधि के हुने जस्ता खरिद व्यवस्थापनका महत्वपूर्ण पक्षहरु सहितको योजना नहुँदा आवश्यकता बमोजिम खरीद गर्दै गएको एवं सार्वजनिक खरीद ऐन र नियमावलीको तोकिएको सीमा नाघ्न गई खरीद नियम तथा खरिद प्रक्रियामा सवैलाई सहभागी हुने समान अवसर सुनिश्चितता भएको नदेखिएकोले कार्यालयले खरिद व्यवस्थानमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । खरिद इकाई गठन नहुँदा खरिद कार्यको कमिकमजोरी हटाई मालसामान, निर्माण कार्य, परामर्श सेवा र अन्य सेवाको खरिदको गुणस्तर अभिवृद्धि गरी सोसम्वन्धी जिम्मेवारी बहन गराउन कठिन हुन्छ । खरिद इकाई गठन गर्न कार्यालयले ध्यान दिनु पर्दछ। | |
| १३.२ | | | **खरिद सम्झौता कार्यान्वयन** : सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकालये खरिद गर्दा बोलपत्र, दरभाउपत्र, सोझै खरिद, अमानतबाट खरिद, परामर्श खरिद, अमानतबाट खरिद जस्ता विभिन्न विधि अपनाई खरिद गर्न निर्धारित प्रकृया पुरा भएपछि खरिद सम्झौता गरी सम्झैता अनुसार निर्माण कार्य, मालसामान, परामर्श, सेवा तथा रासन खिरद गर्नुपर्ने व्यवस्था छ । सम्झौता गरी गरेको खरिदमा सम्झौताका सर्त पालना भए नभएको सम्वन्धमा लेखापरीक्षण योजना अनुसारका नमुना छनौट गरी परीक्षण गरेका व्यहोरा अन्य दफाहरुमा खुलाइएको छ ।<br>**कार्य स्वीकार प्रतिवेदन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन अवस्था विश्लेषण गर्दा कतिपय निर्माण कार्य फरफारक भएपनि प्रतिवेदन तयार भएको पाइएन । तयार भएका प्रतिवेदन समेत अभिलेखिकरण तथा सँस्थागत सम्झना (Institutional Memory) का लागि प्रयोग गर्ने भन्दा विधि पुरा गर्ने उदेश्यले तयार भएको देखिन्छ । यसले निर्माण कार्यको गुणस्तर र सञ्चालन अवधिको प्रत्याभुती गर्ने भएपनि उदेश्य अनुरुपको कार्यमा प्रयोग भएको पाइएन । निर्माण गरिएको संरचनाको उद्येश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित भएपछि मात्र कार्य स्वीकार गर्नुपर्नेमा यो व्यवस्थाको समेत कार्यान्विनय हुन सकेको देखिएन । कार्य स्वीकार प्रतिवेदन वास्तविक हुनेगरी सुधार गर्नु पर्दछ ।<br>**ठेक्का लगत** : पालिकाले गत विगत वर्षदेखि सञ्चालन गरिरहेका क्रमागत ठेक्का तथा चालु आर्थीक वर्षमा सञ्चालनमा आई निर्माणको चरणमा रहेका साथै सम्पन्न भएको कुनैपनि ठेक्काको विवरण अद्यावधिक गरी म.ले.प.फा.नं १९० अनुसारको ठेक्का लगत अद्यावधिक गरी राखेको छैन । यसवाट पालिकामा के कति ठेक्का सञ्चालनमा छन्, के कति कार्य सम्पन्न हुन नसकि अधुरो रहेको छ, समस्याग्रस्त ठेक्का छन् छैनन् यकिन गर्न सकिएन । पालिकाले ठेक्का फाइल तथा लेजर राखेको छैन । निर्माण कार्यको भुक्तानी गर्दा सम्नापन्न भएको निर्माण कार्यको विवरण नापि कितावमा प्रविष्टि गरी नापीका आधारमा तयार भएको ठेक्का विल अनुसार भुक्तानि गरी ठेक्का फाइलमा समेत अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा राखेको छैन । रनिङ्ग विल भुक्तानी भौचरका साथै संलग्न गर्ने तर नापी किताव अद्यावधिक नहुने अवस्थाले कार्यको परिमाण दोहोरो हुनेगरी भुक्तानी हुने साथै निर्माणकार्य सम्पन्ननै नभई फरफारक गराउने अवस्था रहेकोले पालिकाले ठेक्का व्यवस्थापनको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.३ | | | **गुणस्तर परीक्षण :** खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता अनुसारको सामान आपूर्ति तथा निर्माण कार्यमा गुणस्तर परीक्षण गरी प्राप्त सामान तथा भएको निर्माण कार्यको गुणस्तर यकिन गर्नुपर्ने व्यवस्था छ । पालिकामा आपूर्ति हुने मालसामान तथा भएका निर्माण कार्यको गुणस्तर परीक्षण गरेको देखिएन । केहीमा गुणस्तर परीक्षणको प्रमाण सँलग्न गरेपनि नर्मश अनुसार गुणस्तरिय कार्य भएको आश्वस्त हुने आधार देखिएन । यसवाट पालिकाले गरेको निरमाण कार्य निर्माण नर्मशले उल्लेख गरे अनुसारको गुणस्तरमा भएको र गुणश्तरिय मालसामान प्राप्त भएको आश्वस्त हुन सकेन । स्तरिय निर्माण कार्य र मालसामन खरिद गरेको आश्वस्त हुनेगरी गुणस्तर परिक्षण पद्वति प्रभावकारी बनाउनु पर्दछ । | |
| १३.४ | | | **सार्वजनिक सुनुवाई :** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालय प्रमुखले कार्यालयको काम कारवाही स्वच्छ, पारदर्शि र वस्तुनिष्ठ वनाउन विषयसंग सम्वन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारी समेत समावेश गरी सर्वसाधारण र सरोकारवालाको कानुनसम्मत सरोकारलाई सम्वोधन गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) मा स्थानीय तहले सेवाप्रवाह पारदर्शि, उत्तरदायी र जवाफदेही वनाउन सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले आ.व. ०७६/७७ मा वार्षिक कार्यक्रम अनुसार विभिन्न योजनामा खर्च गरेको भएपनि योजनावद्ध रुपले योजना सञ्चालन व्यवस्थापन र कार्यान्वयनको प्रभाव अवशथाका सम्वन्धमा सार्वजनिक सुनुवाई गरेको देखिएन । | |
| १४ | | | **आन्तरीक आय :**<br>स्थानीय सरकार सांलन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ (६) मा पालिकाको अधिकार अन्तर्गत ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि प्रकृतिक बस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले यस वर्ष रिग्दी खोला,रानीखोला –भोटीखोला लगायतका खोलाबाट ढुङ्गा, गिट्टी, ग्राभेल, आदिबाट रकम संकलन गर्न ठेक्का को सूचना ननिकालि अमानतबाट कार्य गराएको छ। आई ई ई प्रतिवेदन अनुसार सम्भाव्य ठाउँमा ठेक्काको माध्यामबाट प्रतिस्पर्धा गराई आन्तरिक आय बृद्धि गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ। | |
| १५ | | | **अमानत कार्य :**<br>अमानत बाट गरेका कार्यका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.१ | | | वागमती प्रदेशको आर्थिक ऐन, २०७७ को दफा ९ को उपदफा (१) अनुसार आ.व. ०७७।७८ मा माटो, ढुंगा, गिट्टी, वालुवा, ग्राभेलको संकलनमा अनुसूची - ५ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिने व्यवस्था छ ।त्यसै गरी उपदफा (२) मा स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामाग्रीमा बिक्री मूल्य तोक्न सक्ने समेत व्यवस्था गरेको छ ।अनुसूची - ५ मा प्रति घन फिट वालुवाको बिक्री शुल्क रु 9।- तोकेको छ । पालिकाले यस आर्थिक वर्ष अमानतमा ढुंगा, गिट्टी, वालुवा, ग्राभेलको संकलन तथा विक्रिबाट रु. ४६,७८,९३०.०० असुल गरेको छ ।सो सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>• ढुंगा, गिट्टी, वालुवा, ग्राभेलको संकलन तथा विक्रिबाटअसुल गरेको रु.४६,७८,९३०.०० मा समावेश भएको मुल्य अभिवृद्धी कर वापतको रु. ५,३८,२८४.००सम्बन्धित संघीय राजस्व खातामा दाखिला नगरी पालिकाकै संचित कोषमा राखेकोले उक्त रकम सम्बन्धित संघीय राजस्व खातामा दाखिला गर्नुपर्ने रु | ५३८,२८४ |
| १५.२ | | | ढुंगा, गिट्टी, वालुवा, ग्राभेलको संकलन तथा विक्रिबाटअसुल गरेको रु.४६,७८,९३०.०० मा समावेश भएको मुल्य अभिवृद्धी कर वापतको रु. ५,३८,२८४.०० घटाई बाँकि रहने रु. ४१,४०,६४६.०० पालिकाको विभाज्य खातामा जम्मा गरी नियमानुसार पालिका र प्रदेशबिच बिच ६०।४० को अनुपातमा बाडफाँड हुनु पर्नेमा सो नगरी पालिका कै संचित कोषमा दाखिला गरेको छ । ऐनमा भएको व्यवस्था अनुसार बाडफाँड हुनु पर्दछ । | |
| १६ | | | **रानीखोला भोटीखोला :**<br>रानीखोला – भोटीखोलामा ढुंगा, गिट्टी, वालुवा, ग्राभेलको संकलन तथा विक्रि गर्दा प्रयोग भएका र. नं. ००१ देखि र. नं. १३५० सम्मका रसिद मध्ये २९६ वटा रसिदमा र भोटीखोलामा प्रयोग भएका र. नं. ०५१ देखि र. नं. १५० सम्मका रसिद मध्ये ९८ वटा रसिदमा प्रति रसिद ३ घन मिटर (ट्याक्टर बाट) निकासी गरेको छ । प्रदेश आर्थिक ऐन, अनुसार ३ घन मिटरको मुल्य अभिवृद्धी कर समेत रु. १,०७६.००असुल गर्नुपर्नेमा रानीखोला – भोटीखोलामा रु. ८७६.०० का दरले र भोटीखोलामा रु. ८८०.०० का दरले मात्र असुल गरेको कारण रानीखोला – भोटीखोलाबाट रु ५९,२००.०० तथा भोटीखोलाबाट रु.१९,२०८.०० समेत रु. ७८,४०८.०० घटी असुल गरेको छ । खरिद कर्ताहरुले स्वयम् ट्याक्टरमा लोड गरी लगेकोले लोड खर्च रु. २००.०० घटी लिएको कार्यालयको जवाफ रहेको छ । यसरी कानुनले तोके भन्दा घटी दरमा असुल गर्नु नियम सम्मत नदेखिएको रु……. | ७८,४०८ |
| १७ | | | **राजस्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ अनुसार जिम्मेवर व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने र सो बमोजिम दखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमूखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जरिवाना गरी दाखिला गर्न लगाई प्रचलित कानुन बमोजिम विभागिय कारवही समेत गर्न गराउन सक्ने व्यवस्था रहेको छ । नमुना छनौटका आधारमा परीक्षण गरिएका पालिका अन्तर्गतकादुईवटा वडा (वडा नं ३ र ५ ) को असुली र दाखिला स्थिति देहाय बमोजिम छ।पालिका र अन्तर्गतका सबै वडा तथा शाखाहरुबाट उठेको राजस्व कानुनमा भएको व्यवस्था अनुसार दाखिला गराउन ध्यान दिनु पर्दछ । | |

| महिना | वडा नं | असुली | दाखिला | दाखिला मिति | वडा नं | असुली | दाखिला | दाखिला मिति |
|---|---|---|---|---|---|---|---|---|
| | ३ | ९३६६८ | ९३६६९ | श्रावण | ५ | ५६०५९ | ५६०६० | आश्विन १ |
| भाद्र | ३ | ६३५० | ६३५० | आश्विन १ | ५ | ४७०० | ४७०१ | आश्विन १ |
| आश्विन | ३ | १०९१७९ | १०९१७९ | कार्तिक २ | ५ | ७२९७० | ७२९८० | मंशिर १० |
| कार्तिक | ३ | २६८५७ | २६८५८ | मंशिर १ | ५ | १४३५० | १४३५० | मंशिर १० |
| मंशिर | ३ | ५८५६२ | ५८५६३ | पौष १ | ५ | ५८८७२ | ५८८७५ | पौष २ |
| पौष | ३ | १२४३९१ | १२४४९१ | माघ १ | ५ | ४०५७८ | ४०५८० | माघ ६ |
| माघ | ३ | ५४००७ | ५४००८ | फाल्गुण ३ | ५ | ७३७८३ | ७३७९० | फाल्गुण ६ |
| फाल्गुण | ३ | ४९८०७४ | ४९८०७४ | चैत्र ३ | ५ | ३७५६२३ | ३७५६२५ | चैत्र ९ |
| चैत्र | ३ | २२३०९२ | २२३०९३ | वैसाख १ | ५ | ६०२५८ | ६०२६० | वैसाख ५ |
| वैसाख | ३ | ५७८३६ | ५७८३६ | जेष्ठ २ | ५ | २४३०७ | २४३१० | आषाढ ६ |
| जेष्ठ | ३ | ५७०५ | ५७०५ | आषाढ १ | ५ | २२५० | २२५० | आषाढ ६ |
| आषाढ | ३ | ८५५५९ | ८५५६१ | आषाढ ३१ | ५ | १५६५८ | १५६६० | आषाढ ३१ |
| जम्मा | | १३४३२८० | १३४३३८७ | | | ७९९४०८ | ७९९४४१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **रसिद नियन्त्रण खाता :**<br>नगदि रसिदको दुरुपयोग हुन नदिन म ले प फारम नं ९०४ को ढाचामा रसिद नियन्त्रण खाता राख्नु पर्ने व्यवस्था छ। पालिकाले रसिद नियन्त्रण खाता राखेतापनि यस वर्ष राजस्व असुलीका लागि प्रयोग रसिद मध्ये विगत वर्षका प्रयोग नभएका कती रसिद बाँकी थिए, कती रसिदहरु नयाँ छपाई गरियो र ती रसिदहरु कुन कुन नम्बरका र काहाँ काहाँ प्रयोग भए एवम् कती रसिद बाँकी रहेका छन् भनी स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राखेको देखिएन। रसिदहरुको व्यवस्थित अभिलेख नहुँदा पालिकाले यस वर्ष नगदि रसिदको प्रयोगवाट संकलन गरेको सबै राजस्व दाखिला भएको छ भनि आस्वस्त हुन सकिने अवस्था नभएकोले पालिकाले तोकिएको ढाँचामा व्यवस्थित अभिलेख राख्नु पर्ने देखिन्छ । | |
| १९ | | | **लामो झरना :**<br>पालिकाले यस वर्ष लामो झरनाबाट रु. ६,८९,७४०.००आम्दानी गरेको शीर्षकगत आवधिक आय संकलन विवरणबाट देखिन्छ । उक्त आय संकलनका लागि एकजना सहायक कर्मचारी करारमा नियुक्त गरेको र आय संकलन गर्न नयाँ रसिद छपाई गरी रसिद नं. १ देखि ८३०० सम्म १६६ ठेली र रसिद नं. ६६५१ देखि ८२५० सम्म ३२ ठेली गत आ व २०७६।०७७ का बाँकी पुराना रसिद समेत १९८ ठेली रसिद पठाएको रसिद नियन्त्रण खातामा उल्लेख छ ।रसिदको ब्यबस्थित अभिलेख नहुँदा नयाँ र पुराना एकै नंबरका रसिद प्रयोग भएको देखिन्छ ।यसले गर्दा कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएको देखियो ।उक्त रसिदहरु मध्ये पुराना रसिद नं. ६६५१ देखि ६९५० सम्म र रसिद नं. ७८५१ देखि ८२५० सम्म १४ ठेली र नयाँ रसिद नं १५०१ देखि १८५० सम्म, रसिद नं. ३५०१ देखि ४४५० सम्म तथा रसिद नं ७८५१ देखि ८३०० सम्म गरी ३५ ठेली रसिद फिर्ता भएको देखिएन । प्रयोग भएका सबै रसिदको दैनिक आम्दानी खातामा प्रविष्टी गरी हिसाब नराखेको र सबै रसिद कार्यालयमा फिर्ता दाखिला नभएको हुँदा प्राप्त भएको आम्दानीमा सबै रसिदको आम्दानी समावेश भए नभएको एकिन हुन सकेन । तसर्थ यस सम्बन्धमा पालिकाले सबै रसिद प्राप्त गरी आम्दानी रकम एकिन गर्नु पर्दछ । | |
| २० | | | **उपरदाङ्ग गढी :**<br>पालिकाले यस वर्ष उपरदाङ्ग गढीबाट रु. २,६१,१००.००आम्दानी गरेको शीर्षकगत आवधिक आय संकलन विवरणबाट देखिन्छ । उक्त आय संकलनका लागि एकजना सहायक कर्मचारी करारमा नियुक्त गरेको र आय संकलन गर्न रसिद नं. १ देखि २००० सम्म ४० ठेली रसिद पठाएको रसिद नियन्त्रण खातामा उल्लेख छ । उक्त रसिद मध्ये रसिद नं १३०१ देखि १३५० सम्मको रसिद फिर्ता भएको देखिएन । प्रयोग भएका सबै रसिदको दैनिक आम्दानी खातामा प्रविष्टी गरी हिसाब नराखेको र सबै रसिद कार्यालयमा फिर्ता दाखिला नभएको हुँदा प्राप्त भएको आम्दानीमा सबै रसिदको आम्दानी समावेश भए नभएको एकिन हुन सकेन । तसर्थ यस सम्बन्धमा पालिकाले सबै रसिद प्राप्त गरी आम्दानी रकम एकिन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २१ | | | **मेसिनरी भाडा :** वागमती प्रदेशको आर्थिक ऐन, २०७७ को दफा ९ को उपदफा (१) अनुसार आ.व. ०७७।७८ मा ढुंगा, गिट्टी, वालुवा, ग्राभेलको संकलनमा प्रति घनफिट रु ९ का दरले शुल्क लगाइने र असूल उपर गरिने व्यवस्था छ । पालिकाले यस वर्ष बिभिन्न निर्माण व्यावसायी तथा व्यक्तिहरुलाई अमानतमा रानीखोला – भोटीखोलाबाट ढुंगा, गिट्टी, वालुवा, ग्राभेलको संकलन तथा विक्री कार्य गर्दा विभिन्न ८ वटा निर्माण व्यावसयी।सप्लायर्सबाट जेसिवि भाडामा लिई नदिजन्य पदार्थ उत्खनन् गरी निशुल्क लोड गरिदिएको र मेशिनको भाडा बापत भौ. नं. ३६८।२०७८।३।२९ बाट रु. ७,१५,३९०.०० तथा भौ. नं. ३८९।२०७८।३।३० बाट रु. ८३,३९४.०० समेत रु ७,९८,७८४.०० भुक्तानी गरेको छ । यसरी पालिकाले मेशिन भाडमा लिई निशुल्क रुपमा नदिजन्य पदार्थ उत्खनन् तथा लोड गरी दिनाले पालिकालाई थप व्यभार पर्न गई ऐनले तोके बमोजिमको शुल्क असुल नभएको देखिन्छ । तसर्थ पालिकाले मेशिनरी भाडामा लिई भुक्तानी गरेको रकम नियम सम्मत नदेखिएको रु... ७,९८,७८४.०० | ७९८,७८४ |
| २२ | | २०७८-११-१७ | **सामाग्रि खरिद :** सामुदायीक विद्ययालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड वितरण कार्यक्रम अनुसार लाईफ केयर स्यानीटेरी एण्ड न्याफिकन उद्यौग एण्ड प्रा.लि. बाट उक्त सामाग्री खरिद गरी २०७८ ३।२२ मा भौ. नं. १८२ बाट प्रति प्याड २३.७५ का दरले ३१,७६१ पाकेटको रु. ७५४३२४.०० भुक्तानी गरेको पाइयो, बर्षान्तमा खरिद गरेको स्यानीटरी प्याड लेखापरीक्षण अबधि मिति २०७८।११।१५ सम्म पनि वितरण गरेको पाइएन । खरिद गर्दा विद्यालयगत माग आवश्यकता निर्धारण गरी लागत अनुमान स्वीकृत गरेको देखिएन । ती समाग्री विद्यालयमा वितरण गरेकभरपाइ पेश हुनु पर्रुदछ । रु ................................. | ७५४,३२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **ठेक्का व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । नगरपालिकाले वोलपत्रको सूचना प्रकाशित गरी सम्झौता गरेको नयाँ ठेक्का सम्झौतामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा २१ प्रतिशत देखि ७२ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ । उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित गुणस्तर र परीमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन । यसबाट निर्माण कार्य निर्धारित गुणस्तर र परिमाणमा भएको यकिन गर्न सवै निर्माण स्थलमा प्राविधक उपस्थित हुन समयाभाव हुने अवस्था देखियो । यस्तो अवस्थामा सुधार हुने गरी ठेक्का व्यवस्था गर्नुपर्दछ । | |

| क्र.सं | विवरण | निर्माण व्यवसायी | ठेक्का न. | लागत अनुमान | कबोल अंक | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| 1 | Kali Khola Aadimara Chepang Basti Road Excavation Work | पबिता निर्माण सेवा | NCB/IRM/01/077/078 | 2156 | 817 | 62 |
| 2 | Mathillo Dhungre To Tallo Dhungre Road Excavation Work | होम निर्माण सेवा | NCB/IRM/02/077/078 | 2156 | 988 | 54 |
| 3 | Sarbashanti High School Hostel Building Construction work | जलेश्वर निर्माण सेवा | NCB/IRM/03/077/078 | 2587 | 1798 | 31 |
| 4 | Shree Triveni Barah High School playground improvement work | होम निर्माण सेवा | NCB/IRM/04/077/078 | 1724 | 1117 | 35 |
| 5 | Hattibang Chauki Sadak Road Excavation Work | ओम अटूट कन्ट्रक्सन हेटौडा | NCB/IRM/05/077/078 | 9867 | 2776 | 72 |
| 6 | MaiteshThapathali Track Opening Works | अमीत कन्ट्रक्सन हेटौडा | NCB/IRM/06/077/078 | 2587 | 938 | 64 |
| 7 | Fishling Gumba Maintenance Works | सिजल कन्ट्रक्सन | NCB/IRM/07/077/078 | 2155 | 1421 | 34 |
| 8 | Syaklang Water Supply Project Works | जलेश्वर निर्माण सेवा | NCB/IRM/08/077/078 | 2155 | 1698 | 21 |

| २४ क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **परामर्श खरिद :**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा उपलव्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले गत आ.ब. को मौज्दातबाट खर्च गर्ने गरि देहाय अनुसारको ११ कार्यमा विभिन्न परामर्शदाताबाट कार्य गराई रु. ७६,४३,६७५.०० भुक्तानी गरेको देखियो । आवधिक विकास योजना, भवनको विस्तृत परीयोजना प्रतिवेदन, अन्तर्गतका नदिको वातावरणिय परीक्षण, खानेपानी तगा पुलको डिपिआर आदि तयार वापत भुक्तानी दिएकोमा ती प्रतिवेदन अनुसार कार्यक्रम तयार गरी कार्यान्वयन गरेको देखिएन । प्रयोगमा नआउने क्षेत्रमा परामर्श खरिद गरी खर्च लेखेको उपयुक्त देखिएन । योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयनमा सहयोग पुर्याउने योजनामा परामर्श सेवा खरिद गर्नु पर्दछ । परामर्श प्रतिवेदन अनुसार योजना कार्यान्वयनमा सहयोग पुगिरहेको कार्यालयको प्रतिकृया छ । | |

| भौ. नं. मिति | आयोजना | परामर्श दाता | रकम |
|---|---|---|---|
| २०४।०७८।२।१० | गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा | एकाउन्टिविलिटी ईनिसिएटिभ प्रा. लि. | १९८७४४४ |
| ३४०।०७८।३।२४ | वडा नं. ३ कार्यालयको डी पी आर | वानरि ईन्जिनियरिङ्ग सोलुसन | ४५७०४० |
| ३४१।०७८।३।२४ | वडा नं. २ कार्यालयको डी पी आर | एन. के. एस. ईन्जिनियरिङ्ग कन्सलटेन्ट प्रा. ली. | ४५६४६० |
| ३४२।०७८।३।२४ | वडा नं. ५ कार्यालयको डी पी आर | एस. डी. ईन्जिनियरिङ्ग कन्सलटन्ट प्रा. ली. | ४८६२०० |
| ३७०।०७८।३।२९ | गाउँपालिका अन्तरगतका खोलाहरुको IEE | नारायणी ट्रेडिङ्ग एण्ड ईन्जिनियरिङ्ग प्रा. ली. | ९७६८८५ |
| ३७१।०७८।३।२९ | कुरिनघाट कमेरे सडक मुगलिन ईच्छाकामना सम्मको सडक र फोक्सिङ्ग साठीमुरे सडक डीपी आर | ईच्छाकामना ईन्जिनियरिङ्ग प्रा. ली. | ६९५७१४ |
| ३७१।०७८।३।२९ | कुरिनटार देखी सोराथोक र मुगलिन देखी सिरानगाउँ सम्म २ वटा २४ कि. मि. सडक को डी पी आर | जे. के. ईन्जिनियरिङ्ग | ५९६००० |
| १३२।०७७।१२।११ | वाँसपुर खानेपानी डी पी आर | जी. पी.एस. टेक्नोलोजी प्रा. ली. | ३९५००० |
| ३४३।०७८।३।२४ | तोङ्गवाङ खानेपानी डी पी आर | कैलाश पर्वत ईन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा. ली. | ३००००० |
| ११।०७८।२।१९ | थानखोला पुलको डी पी आर | अपष्ट्रिम ईन्जिनियरिङ्ग कन्सलटेन्ट प्रा. ली. | ७७६२७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | २७।०७८।३।२४ | स्याङ्गदि खोला पुलको डी पी आर | अपष्ट्रिम ईन्जिनियरिङ्ग कन्सलटेन्ट प्रा. ली. | ५१६६५८ | |
| | | | | जम्मा | | ७६४३६७५ | |
| २५ | | | **प्रभिजनल सम :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवस्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । देहाय बमोजिमका निर्माण कार्यको प्रोभिजनल सम बापत भुक्तानी गरिएको रकमको विल विजक पेश नभएको हुँदा विल विजक पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | | | | १९५,४४९ |

| भौ नं मिति | ठेक्का नंबर | निर्माण व्यावसायी | पि एस आइटम | भुक्तानी रु | नपुग विल |
| --- | --- | --- | --- | --- | --- |
| १६५।०७७।१२।३० गा पा पुजिगत | ३२।२०७७।७८ | अंजना निर्माण सेवा | वीमा | ४०००० | ४०००० |
| | | | ल्याव टेष्ट | १५००० | १५००० |
| | | | ट्राफिक सेफ्टी | १५००० | १५००० |
| १७९।०७८।१।७ गा पा पुजिगत | ३३।०७६।७७ | होम निर्माण सेवा | वीमा | ८०००० | २६६७० |
| | | | ल्याव टेष्ट | ४०००० | ४०००० |
| १७१।२०७८।१।३ गा पा पुजिगत | २५।२०७६।७७ | जोगीमारा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली | ल्याव टेष्ट | ३५००० | ३५००० |
| २०।०७८।३।४ प्रदेश सरकार | २।०७७।७८ | होम निर्माण सेवा | वीमा | २०००० | २५५९ |
| | | | ल्याव टेष्ट | ५००० | ५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | सुचनावोर्ड | ५००० | ५००० | | |
| | | | | २०।०७८।३।४ प्रदेश सरकार | ४।०७७।७८ | होम निर्माण सेवा | वीमा | १०००० | १२२० | | |
| | | | | | | | ल्याव टेष्ट | ५००० | ५००० | | |
| | | | | | | | सुचना वोर्ड | ५००० | ५००० | | |
| | | | | जम्मा | | | | २७५००० | १९५४४९ | | |

२६

**एक्साभेशन कार्य :**

पालिकाले निर्माण सम्बन्धी कार्यको भुक्तानी गर्दा तोकिएको स्वीकृत दर बमोजिम प्राविधिक मुल्यांकनका आधारमा गर्नु पर्दछ । देहाय बमोजिमका आयोजनाको भुक्तानी भौचर परीक्षण गर्दा भौचरसाथ संलग्न सम्पन्न कार्यको फोटो, विल भर्पाई लगायतका प्रमाण एवं उक्त कार्यसँग सम्बन्धित प्राविधिक कर्मचारीसँग छलफल गर्दा उक्त एक्शाभेसन कार्यमा मेशिनको प्रयोग भएको देखियो। यसरी उपभोक्ता समितिबाट गराइएका कार्यमा मेशिनको प्रयोग गरेतापनि मेनुअल दरमा भुक्तानी गरी रु ५०,४०८.०० बढी भुक्तानी भएको छ । अन्य आयोजनाहरुको सम्बन्धमा समेत पालिकाबाट एकिन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

बेरुजु रकम: ५०,४०८

| भौ.नं. | योजनाको नाम।कार्य | परिमाण (घ. मी.) | मेशिनको स्वीकृत दर | भुक्तानी दर | उ. स.अंश कटाई बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ७१।२०७७।१०।१२ | पिपलटार नाला निर्माण- नाला खन्ने | ११३.४ | ५१।८९ | ४१७।१५ | ३७२७८ |
| ७२।२०७७।१०।१२ | झोलुङ्गेपुल खेतबारी नाला निर्माण- नाला खन्ने | ३९.९४ | ५१।८९ | ४१७।१५ | १३१३० |
| | जम्मा | | | | ५०४०८ |

२७

**फरक नर्मश :**

बेरुजु रकम: २५३,०३०

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउदा मितव्ययिता, गुणस्तरीयता तथा दिगोपना अभिबृद्धि हुने कुरामा समेत विचार गरी तयार भएको लागत अनुमानका आधारमा कार्य गराउने र सोही आधारमा नाप जाँच गरी निर्माण कार्य फरफारक गराउने व्यवस्था छ । पालिकाले उपभोक्ता समिति मार्फत गराएको कार्यमा डोलीडारको नर्मश प्रयोग गरी लागत अनुमान तयार गरेको छ । यस आधारमा तयार भएको लागत अनुमान सडकको नर्मशको आधारमा तयार गरेको लागत अनुमान भन्दा बढि हुने देखिन्छ । बढि दरको नर्मश प्रयोग गरी लागत अनुमान तयार गरी कार्य गराएको कारण पालिकालाई अतिरिक्त व्ययभार परेको देखिन्छ । अतिरिक्त व्ययभार पर्ने गरी बढि दरको नर्मश प्रयोग गरेको नियमित देखिएन । | |

| भौ नं मिति | आयोजना तथा कामको विवरण | परिमाण (घ. मी.) | स्वीकृत दर (सडक नर्मस) | भुक्तानी दर | उ स अंश कटाई बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ४।२०७८।३।६ स्थानीय पुर्वाधार | नर्सिङ्गटार कमेरे सडक सेतरोन्नती | | | | |
| | Stone masonry work(1:6) | ५२.८५ | ८०४४.८९ | ८७३०.२ | ३२५९७ |
| | pcc 1:2:4 | १८.१२ | ९१३२.६९ | १०५९८.६३ | २३९०६ |
| २१।२०७८।३।२२ स्थानीय पुर्वाधार | लामो झरनादेखि याक्राङ्ग बाटो स्तरोन्नती | | | | |
| | Stone masonry work(1:6) | ३८.३३ | ८०४४.८९ | ८६९४.४७ | २१६६२ |
| | pcc 1:2:4 | १५.३७ | ९१३२.६९ | १०७०७.७९ | २१०६२ |
| ७१।२०७७।१०।१२ | पिपलटार नाला निर्माण | | | | |
| | Stone masonry work(1:6) | ७७.६२ | ८०४४.८९ | ८७८६.१९ | ५१७८६ |
| | pcc 1:2:4 | २०.४ | ९१३२.६९ | १०५४४.८४ | ३७३६५ |
| | stone soling | ३४.०२ | २५९५. | ३३२४.३३ | २२३३० |
| | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७२।२०७७।१०।१२</td><td>झोलुङ्गेपुल खेतबारी नाला निर्माण</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>Stone masonry work(1:6)</td><td>२७.३४</td><td>८०४४.८९</td><td>८७८६.१९</td><td>१८२४०</td></tr>
<tr><td></td><td>pcc 1:2:4</td><td>१०.०१</td><td>९१३२.६९</td><td>१०५४४.८४</td><td>१२७२२</td></tr>
<tr><td></td><td>stone soling</td><td>११.९८</td><td>२५९५.</td><td>३३२४.३३</td><td>६७८५</td></tr>
<tr><td>१५१।२०७७११।१९</td><td>रिग्दीखोला देखि कुयलघारी स्कुल सडक</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>Stone masonry work(1:6)</td><td>७.२६</td><td>८०४४.८९</td><td>८७८६.१९</td><td>४५७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२५३०३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td>२०७८-११-१९</td><td>बिल भुक्तानी :<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ अनुसार खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले ठेक्का नं. १९।२०७६।७७ कुरुनटार चोक देखी नयाँबस्ती वेस क्याम्पसम्म पिच तथा नाला निर्माण कार्यका लागी निर्माण व्यवसायी एल एण्ड जी कन्स्ट्रक्सनसंग मुल्य अभिवृद्धि कर समेत रु. ३७,४८,९७०.७० को सम्झौता गरेको थियो । निर्माण व्यवसायीले तोकिएका सम्पूर्ण कार्य पुरा गरी अन्तिम भुक्तानीका लागी माग गरे बमोजिम भौ. नं. १४७।२०७७।१२।१७ वाट पेश्की फछ्यौंट रु. ६,५९,०००.०० समेत रु. २६५१३६२.०० भुक्तानी गरेको छ । यस अघि भौ. नं. २८३।२०७७।३।२१ वाटप्रथम रनिङ्ग विलवाट रु. ११,५८,२३७.०० भुक्तानी भएको हुँदा जम्मा रु. ३८,०९,५९९.०० भुक्तानी भएको देखियो । तसर्थ सम्झौता भन्दा बढी भुक्तानी भएकोरु. ६०,६२८.०० असुल हुनु पर्दछ । रु.........</td><td>६०,६२८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **ईच्छाकामना अस्पतालः**<br>सार्वजनिक खरिद नियमाली, २०६४ को नियम २० मा खरिद सम्झौता गरी बोलपत्रको माध्यमबाट खरिद गर्ने सम्वन्धी व्यवस्था छ । वड नं. ४ को इच्छाकामना अस्पताल भवन निर्माणका लागि रु. ७०,००,०००.०० लागत अनुमान भन्दा ३२ प्रतिशत घटी रु. ४७,४६,७९७.३८ मा कार्य गर्न कवोल गर्ने गौरव कन्स्ट्रक्सन, काठमाडौँ सँग सम्झौता गरी कार्य गराएकोमा गो. भौ. नं. ६५।०७७।१०।९ बाट अन्तिम बिल समेत रु. ४४,८९,२११.०० भुक्तानी गरी ठेक्का फरफारक गरेको देखिन्छ । भवन निर्माणको विस्तृत डिजाइन र पुर्ण लागत अनुमान तयार नगरेको कारण निर्माण सम्पन्न भई सक्दा सम्म पनि डि. पि. सि. लेवल सम्मको मात्र कार्य भएको साथै स्रोत सुनिश्चित नभएकोले निर्माण कार्य अधुरो रहेको छ । यस सम्बन्धमा देखिएका ब्यहोरा देहाय अनुसार छ ।<br><br>• निर्माण कार्यको डिजाइन तथा लागत अनुमान तयार गर्दा जग सम्याउने सम्बन्धी कार्य छुटेको कारण देखाई मिति २०७७।९।२ मा सोही कन्स्ट्रक्सनसँग लागत अनुमान रु. ४,३०,४८४.०० बराबर हुने गरी सोझै निर्माणकार्य गराई गो. भौ. नं. ५४।०७७।९।२७ बाट भुक्तानी गरेको छ । लागत अनुमानको तुलनामा ३२ प्रतिशत घटीमा काम गर्न कबोल गरेको निर्माण व्यवसायीलाई सुरु चरणको फरक कार्य लागत अनुमानकै दरमा सोझै गराउँदा पालिकाले प्रतिस्पर्धी लाभ लिन नसकी रु. १,४६,८७२.०० अतिरिक्त व्ययभार परेको देखिन्छ ।<br>• सोही स्थानमा माटो काट्ने कार्यका लागी रु. ४,५८,९७८.०० को कार्य गराई कि. वी. घिमिरे कन्स्ट्रक्सनलाई गो. भौ. नं. ७।०७७।६।१४बाट भुक्तानी गरेको छ । सुरु डिजाइनमा सबै आइटम समावेश नगर्दा एकै निर्माण कार्यमा समेत फरक-फरक निर्माण व्यवसायी मार्फत कार्य गराउँदा निर्माण कार्यको गुणस्तरमा प्रभाव पर्ने सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।<br>• एक गाउँपालिका एक अस्पताल कार्यक्रम अन्तर्गत २५ शैयाको अस्पतालका लागि विस्तृत परियोजना प्रतिवेदन अनुसारको जग निर्माण तह (फुटिङ्ग)को काम मात्र भएको, तराई मधेश कार्यक्रम अन्तर्गत बजेट स्वीकृत भएपनि मापदण्डअनुसारको जग्गा लिजमा लिन वा उपलब्ध गराउन नसकेको, जग्गा प्राप्ति नहुँदा थप डी.पी.आर. हुन नसकेको, जग निर्माण भइसकेको भवनको स्तरोन्नती सहितको डि. पि. आर. को प्रक्रियामा जान नसकेको जस्ता कारण अस्पताल भवन थप निर्माण भई सञ्चालन स्तरमा आउने सम्बन्धमा द्विविधा रहेको छलफलको क्रममा जानकारी प्राप्त भएको छ । निर्माण सम्पन्न हुने विश्वस्त आधार तयार गरी अस्पताल सञ्चालनको अत्यावश्यक संरचना निर्माणमा ध्यान पुर्याई नर्माण कार्य अधुरो रहने अवस्था उत्पन्न हुन नदिने गरी कार्य गर्नु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **ज्यानदाला खानेपानी ;**<br>सार्वजनक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झदता शर्त सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले वोलपत्रको माध्यमवाट ज्यान्दाला खानेपानी (फिटङ्गस) योजना निर्माण गर्न वोलपत्र अब्ह्यान गरेकोमा जलेश्वर निर्माण सेवा धादिङ्गको रु. १५,९८, ७११.०० को वोलपत्र स्वीकृत भई मिति २०७६।९।१५ मा निर्माण सम्पन्न गर्ने गरी मिति २०७६।३।३० मा सम्झौता भएको देखियो । विल भुक्तानीको क्रममा मिति २०७७।१०।१२ मा सम्पर्कमा आई प्रथम रनिङ्ग विल रु. ७,०१,३१६ भुक्तानी लिएपछि निर्माण व्यवसायीले निर्माण स्थलमा उपस्थिति जनाई थप कार्य नगरेको छलफलको क्रममा प्राविधिक सहितको टोलीवाट जानकारी प्राप्त भएको छ । निर्माण कार्यको सुरु म्याद समाप्त भएको साथै ५९ प्रतिशत निर्माण कार्य बाँकी नै रहेको छ । कबोल दर लागत अनुमान प्रति घन मिटर रु. १०,०००.०० बरावर रहेको स्टोन मेसिनरी को कार्य वि. ओ. क्यूमा २.५९ घन मिटर रहेपनि अधिक हुनेगरी ३० घन मिटर गरेको नापी तयार गरी रु. ३,००,०००.०० भुक्तानी गरेको छ । यसैगरि रिईन्फोर्समेन्ट वार ५ हजार के. जी. राखेकोमा सिमेन्ट कङ्गक्रिटको आईटम १३ घन मिटर मात्र रहेकोले ढलान अनुसार अधिक हुने गरी डण्डीको परिमाण समावेश गरी लागत अनुमान तयार गरेको देखियो । बढी दरको कार्य सम्झौता भन्दा अत्याधिक परिमाणमा गरेको देखाई सुरु चरणमानै भुक्तानी हुने र कङ्गक्रिटको परीमाण भन्दा डण्डिको परिमाण अत्याधिक बढी हुने जस्ता अवस्थाले निर्माण कार्यको वास्तविक अवस्था भन्दा फरक किसिमले व्यवसायीलाई लाभ पुग्ने गरी कार्य हुने देखिन्छ । यस्तो अवस्था आउन नदिन सम्झौता गर्दाकै बखत देखिनै ध्यान पुर्याउनु पर्ने र नापी तथा भुक्तानीमा सजगता अपनाउनु पर्ने देखिन्छ । यस्ता प्राविधिक त्रुटियूक्त लागत अनुमान अनुसारको सम्झौताको थप कार्य गर्न निर्माण व्यवसायी समपर्क विहिन रहेको देखियो । निर्माण व्यवसायीलाई समपर्कमा ल्याई सम्झौता अनुसारको कार्य सम्पन्न गराउनु पर्दछ । | |

| **आईटम नं.** | **वि ओ क्यू अनुसार परिमाण** | **विल भुक्तानी परिमाण** | **दर** | **भुक्तानी रु.** |
|---|---|---|---|---|
| ५ स्टोन मेसिनेरी वर्क | २.५९ घ. मी. | ३० | १०,००० | ३,००,००० |
| १० रिईन्फोर्समेन्ट वार वर्क | ५००० के. जी. | ११.१ | ११० | १०,१४१ |
| | जम्मा | | | ३,१०,१४१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **सामाजिक सुरक्षाः**<br>सामाजिक सुरक्षाको सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसारको छन् । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २३(५) मा खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिना भित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा निष्कृय लाभग्रहीको खाता माग गर्दा उपलब्ध गराएको छैन । पालिकाले निष्कृय लाभग्राहीको खाताको विवरण माग गरी लगत अद्यावधिक गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, बैंक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जस्ता जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षण योजना अनुसा २ वडाको वितरण अवस्थाको तथ्याङ्क परीक्षण गर्दा लगत अद्यावधिक गरेको देखिएन । निश्चित समय अन्तरमा लगत अद्यावधिक नभएकोले मृत्यू, बसाँईसराई, दोहोरो परेको लाभग्राहीको सम्बन्धमा यकिन हुन सकेन । लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ ।
<table>
<tr><th>वडा नं</th><th>लाभग्रही सं.</th><th>निकासा</th><th>वितरण</th><th>बाँकी।फिर्ता</th></tr>
<tr><td>१ र ३</td><td>४८६</td><td>१६२५७२६५</td><td>१४९६९६१५</td><td>१२८७६५०</td></tr>
<tr><td>जम्मा</td><td>४८६</td><td>१६२५७२६५</td><td>१४९६९६१५</td><td>१२८७६५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३१.३</td><td></td><td></td><td>आर्थिक वर्ष सामाप्त हुनुभन्दा ७ दिन अगावै भत्ता वितरण कार्य सम्पन्न गरी कारोबार बन्द गर्नु पर्दछ । पालिकाले सो नगरी आर्थिक वर्ष भुक्तान भए पश्चात पनि भत्त वितरण गरेको र वितरण पश्चात बाँकी रहेको रकम मिति २०७८।५।२५ मा कोष तथा नियन्त्रक कार्यालय चितवनमा रु. १३,९२,६२०.०० जम्मा गरेको देखिन्छ । पालिकाले कार्यविधि अनुसार समयमै भत्ता वितरण कार्य सम्पन्नगर्ने तथा बाँकी रहेको रकम फिर्ता गर्ने तर्फ ध्यान पुर्याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>सुरक्षित नागरिक अवास तथा प्रधानमन्त्री रोजगारः<br>सुरक्षित नागरिक अवास तथा प्रधानमन्त्री रोजगारको सम्बन्धमा देखिएको व्यवहोरा देहायका छन् ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । लेखापरीक्षणको समयमा उपलव्ध तथ्याङ्क अनुसार पालिकाले यस कार्यक्रम अन्तर्गत निम्न योजना संचालन गरी यस वर्ष १०४ जनालाई ५४९० दिन सम्म रोजगारी उपलब्ध गराएको देखिन्छ । लक्षित वर्गलाई अल्पकालिन रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा रु.२८,३८,३३०.०० खर्च लेखेका छ । कार्यक्रमबाट लक्षित वर्गले प्राप्त गरेको लाभ तथा सन्तुष्टिका सम्वन्धमा सेवाग्राही सर्वेक्षण गरेको छैन । यसबाट कार्यक्रमको उदेश्य प्राप्त भएको सम्वन्धमा यकिन हुने देखिएन । | |

| क्र.सं. | योजनाको नाम | काम गरेको दिन संख्या | रोजगार पाएको लाभग्राही संख्या | श्रमिकको ज्यालामा खर्च भएको रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | हात्तीबाङ् देखि सिराईचुली चौतारा सम्म पदमार्ग मर्मत सम्भार | ६० | ३२ | ५१७ | ९९२६४० |
| २ | गोठे डाँडा पहेल ढुंगा बढेल टार खानेपानी पाइपलाईन पुर्ने काम | ६५ | ५ | ५१७ | १६८०२५ |
| ३ | कालीखोला सिंचाई कुलो मर्मत | २२ | १० | ५१७ | ११३७४० |
| ४ | कालीखोला नाला निर्माण | २९ | ८ | ५१७ | ११९९४४ |
| ५ | मूलडाँडा देखि नयाँबारी सम्म गोरेटो बाटो मर्मत सम्भार | ५७ | २५ | ५१७ | ७३६७२५ |
| ६ | टोड्के देखि नयाँबारी सम्म गोरेटो बाटो मर्मत सम्भार | ५७ | २४ | ५१७ | ७०७२५६ |
| | जम्मा | ५४९० | १०४ | ५१७ | २८३८३३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.२.२ | | | **सुरक्षित नागरिक अवासः** सुरक्षित नागरिक अवास कार्यान्वयन कार्यविधि, २०७५ को परिच्छेद २ मा लक्षित वर्गको पहिचान र छनौटको आधार सम्बन्धी व्यवस्था गरेको छ । जस अनुसार फुसको छानो, गरिवीको रेखामुनि रहेको, घर जग्गाको तिरो बुझाएको, घर विहिन रहेको सिफारिस पत्र तथा स्थाई वसोवाँस भएको तथा परिच्छेद ३ मा निर्माण कार्य सम्पन्न भएको प्रमाणीत प्रतिवेदन पेश गर्नु पर्ने उल्लेख छ । संघीय सरकारवाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रम अन्तरगत पालिका अन्तरगतको वडामा देहाय बमोजिम लाभग्रहीको छनौट गरी घर निर्माणको लागी पहिलो किस्ता वापत प्रति लाभग्राही निम्न दरले रकम वितरण गरेको छ । उक्त लाभग्राही छनौट गर्दा के को आधारमा छनौट गरियो सोको आधार पेश गरेको छैन । लाभग्ही छनौटको आधार सहित सुरक्षति अवास निर्माण भएको कार्य सम्मपन्न प्रतिवेदन पेश गर्नु पर्दछ । रु......... | ३,३९३,९९५ |

| क्रमश | वडा नं. | लाभग्रीहीको सं. | दर | अनुदान रकम |
|---|---|---|---|---|
| १ | १ | ५२ | १३४१५ | ६९७५८० |
| २ | २ | ३९ | १३९८५ | ५४५४१५ |
| ३ | २ | ८ | १३९९० | १११९२० |
| ४ | ३ | २२ | १३४१५ | २९५१३० |
| ५ | ४ | ११ | १४६३४.५ | १६०९८० |
| ६ | ५ | १८ | १४२८० | २५७०४० |
| ७ | ६ | ४१ | १४२८० | ५८५४८० |
| ८ | ६ | ३ | १४२९० | ४२८७० |
| ९ | ७ | ४२ | १४५३२ | ६१०३४४ |
| १० | ७ | १ | १४५३६ | १४५३६ |
| ११ | ७ | ५ | १४५४० | ७२७०० |
| जम्मा | | २४२ | | ३३९३९९५ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **लघु उद्यम विकासः**<br>लघु उद्यम विकास सम्बन्धमा देखिएको व्यवहोरा देहायका छन् । | |
| ३३.१ | | | **प्रशिक्षक भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ मा सबै प्रकारका गोष्टी,तालिम, सेमिनार तथा कार्यक्रमा सबै प्रकारको भत्ता को दर उल्लेख रहेको छ । जस अनुसार आवधिक तालिमको लागी प्रति महिना ६० कक्षा को रु. १०,०००.०० प्रशिक्षक भत्ता दिनु पर्ने उल्लेख छ । पालिकाले ३ महिने सिलाई कटाई तालिमको लागी ३ जना प्रशिक्षकलाई रु. २५०००.०० को दर ले ३ महिनाको रु. २,२५,०००.००भुक्तानी दिएको छ । निर्देशिका विपरित भुक्तानी भएको प्रशिक्षक भत्ता रु. १,३५,०००.०० नियम सम्मत देखिएन । रु......... | १३५,००० |
| ३३.२ | | | **सुधारिएको चुल्होः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यसतो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । भौ. नं. मिति १२३।०७८।३।२० वाट संघीय सरकारवाट हस्तान्तरित सुधारिएको चुल्हो कार्यक्रम अन्तरगत पालिकाले सनस्टार मल्टिप्रपोज कम्पनी प्रा. लि. वाट रु. १,९६,६२०.०० को ४० थान सुधारिएको चुल्हो खरिद गरेको छ । उक्त चुल्हो खरिदको लागत अनुमान तथा सम्भाव्यता अध्ययन को लागी रु. ९७,९७१.०० को ईन्भेनटिभ पावर एण्ड कन्सल्टेन्सी प्रा. ली. सातोवाटो काठमाण्डौवाट परामर्श सेवा खरिद गरेको छ । पालिकामा प्राविधिक हुँदा हुँदै रु. १,९६,६२०.०० चुल्हो खरिद गर्न रु. ९७,९७१.०० को परामर्श खरिद गर्नु उचित देखिएन । लेखापरीक्षणको क्रममा कर्मचारीसंग छलफल गर्दा खरिद भएको चुल्हो वितरण नभई स्टोरमै रहेको जानकारी प्राप्त भएको छ । वितरण भरपाई पेश हुनु पर्दछ । रु........ | १९६,६२० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३.३</td><td></td><td></td><td>भ्रमण खर्चः भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा लिदा भ्रमण खर्च र देनिक भत्ताको २५ प्रतिशत खाजा खर्च वापत पाउने उल्लेख छ । पालिकाले निम्न कार्यक्रममा खाजा खर्च दिनु पर्नेमा दैनिक भ्रमण भत्ता खर्च भुक्तानी दिएको छ । पालिकाले यस तर्फ सुधार गर्नुपर्ने देखिन्छ । लेखापरीक्षणको क्रममा स्वास्थ्य शाखा प्रमुखसंग छलफल गर्दा कोष पुगेको कार्यक्रममा उपस्थित कर्मचारीलाई मात्र दैनिक भ्रमण भत्ता खर्च दिनु परेको जानकारी प्राप्त यसका केही उदाहरण देहाय अनुसार छन् ।<br><table>
<tr><th>क्मश</th><th>कार्यक्रम</th><th>विवरण</th><th>भ्रमण खर्च वापतको रकम</th></tr>
<tr><td>१</td><td>स्थानिय तहमा नाक कान, घाटी तथा मुख स्वास्थ्य लगायत अन्य कार्यक्रम</td><td>विभिन्न २६ जना सहभागिहरु</td><td>२४००००</td></tr>
<tr><td>२</td><td>डेङ्गु लगायत किटजन्य रोगहरुको नियन्त्रण</td><td>विभिन्न १७ जना सहभागिहरु</td><td>१३१५००</td></tr>
<tr><td>३</td><td>LPEP सेवाको विस्तार</td><td>विभिन्न ६ जना सहभागिहरु</td><td>२२२००</td></tr>
<tr><td>४</td><td>व्यवसायीक कृषि तथा पशुपञ्छि विकास कार्यक्रम</td><td>विभिन्न ४ जना सहभागिहरु</td><td>१०३५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३.४</td><td></td><td></td><td></td><td>४८,०५०</td></tr>
<tr><td>३३.५</td><td></td><td></td><td>दाखिला प्रतिवेदनः गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम निर्देशिका, २०७७ मा कार्यक्रम संचालन सम्बन्धी व्यवस्था उल्लेख छ । वडा नं. २ र ६ मा गरिवी निवारणको लागी लघु उद्यम विकास कार्यक्रम संचालन गनर्को लागी रु. ३,२३,८७०.०० सिलाई मेसिन सेट, रु. ३५,९१०.००कपडा, रु. ७०,०००.०० मिनि टिलर १ थान, रु. ३०,०००.०० त्रिपाल १२ गोटा, रु. १७,०००.०० ड्रकंर १०० गोटा, रु. १७,०००.०० को फ्रिडर १०० गोटा र रु. ५८,०००.०० ल्यापटप गरी रु. ५,५१,८७०.०० को सामग्री खरिद गरेको देखिन्छ । खरिद भएको उक्त सामाग्री स्टोर दाखिला गरेको तथा वितरणको भरपाई पेश भएको छैन । सो को प्रमाण पेश हुनु पर्दछ । रु........</td><td>५५१,८७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | २०७८-११-११ | **आर्थिक सहायता :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्र कार्य गर्न आवश्यक पर्ने ऐन, नियम, निर्देशिका तथा कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यस्था छ । तर गाँउपालिकाले आर्थिक सहायता सहायता सम्बन्धि कुनै कार्यविधि नबनाई बिल भरपाइको आधारमा स्थानीय उद्धार राहत तथा पुनः स्थापना कार्यमा बिपन्न वर्गलाई औषधि अपचार लगायतका कार्यमा आर्थिक सहायता उपलब्ध गराएको छ । खर्चको बिल भरपाई राखि बिभिन्न मितिको निर्णय अनुसार रु. ४८,००,०००.०० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता वितरण र खर्च सम्वन्धमा कार्यविधि तयार गरी व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |
| ३५ | | २०७८-११-१८ | **सफ्टवेरको प्रयोगः**<br>दर्ता चलानी प्रविधिमा आधारित बनाई सेवा प्रवाहको चाप नियन्त्रण र व्यवस्थापन गर्न लालिगुराश इन्फोटेक प्रा.लि. संग मिति २०७८।२।३१ मा खरिद गरेको ई हाजिर सफ्टवेयर लेखापरीक्षण अवधि मिति २०७८।११।१६ सम्म पनि सञ्चालनमा ल्याइएको पाइन । ,भौ नं. ७०२ मिति २०७८।३।२४ गरिएको खर्च अविलम्ब शुचारु गर्नु पर्दछ अन्यथा यस्ता खर्च कानुनको परिधिमा रहेरमात्र खर्च गर्नु पर्ने रु…………………………………...............……………………………………….४,५२,०००.०० | ४५२,००० |
| ३६ | | | **धरौटीः**<br>पालिकाले धरौटीको छुट्टै श्रेस्ता खडा गरी गोश्वरा भौचर उठाई गोश्वरा खाता र व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नु पर्नेमा धरौटीको छुट्टै श्रेस्ता तयार नगरेको तथा धरौटीको बैंक मौज्दात समेत उपलब्ध नगराएकोले धरौटीको आम्दानी खर्च तथा मौन्दात एकिन हुन सकेन । | |
| ३७ | | | **शिक्षक अभिलेख :**<br>शिक्षा नियमावली, २०५९ मा शिक्षा सेवा आयोगबाट नियुक्त वा बढुवाको लागि सिफारिस भइ आएका शिक्षकलाइ नियुत्त गर्ने सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अध्यावधिक गरि राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले नियमावलीमा व्यवस्था भए बमोजिमको विद्यालयगत दरबन्दी अभिलेख, काज आएका काजमा गएकाको अभिलेख, सरुवा भइ आएका तथा गएका सेवा निवृत भएका विदामा रहेका नयाँ नियुत्त भएका शिक्षक सम्बन्धी विवरण आदिको अभिलेख व्यवस्थित रुपमा राखेको पाइएन । त्यस्तै विद्यालयगत शिक्षकको नामनामेसि सहितको अभिलेख अध्यावधिक गरेको देखिएन । स्थानीय तहका सर्वजनिक विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न अनुगमन गरी प्रतिवेदन तयार नगरेको पाइएन । शिक्षक दरवन्दी अभिलेख अद्यावधिक नगरेका कारण दोहोरो निकासा हुन सक्ने, दरबन्दि भन्दा बढी शिक्षकको तलब विद्यालयमा निकासा हुन सक्ने तथा शिक्षकको समग्र व्यवस्थापन गर्न कठिन हुनसक्ने अवस्था रहन्छ । तसर्थ नियमावलीको परिपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | २०७८-११-१७ | **विद्यालयको निकासाः**<br>गाउँ पालिकामा शिक्षकको तलब भत्ता निकासा गर्नु पुर्व दरबन्दी अनुसार कार्यरत शिक्षकहरु एकिन गरि तलब भत्ता निकासा गर्नु पर्ने त्यस्तै मागफाराम सोही आधारमा रुजु गरी विधालयगत निकासा लेजर तयार गरी नक्सा लेजर राखेको छैन । गाँउ पालिकाले दरबन्दी विवरण कार्यरत शिक्षक विवरण सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नु पर्दछ । | |
| ३९ | | २०७८-११-१७ | **विद्यालयको लेखापरीक्षणः**<br>गाउँपालिकाले मातहतका विधालयले समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने वयवस्था छ । गाउपालिका अन्तर्गत ५१ सामुदायिक विद्यालयहरु रहेकोमा आ.ब २०७७।७८ को लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाँउ पालिकाले दिएको निकासा र अनुदान समेत समावेस गरी विधालयले वित्तिय विवरण तयार गरे नगरेकोएकिन गर्नु पर्दछ । | |
| ४० | | | **स्वास्थ्य सेवाः**<br>स्वास्थ्य सेवा सम्बन्धमा देखिएको व्यहोरा देहायका छन् । | |
| ४०.१ | | | | |
| ४०.२ | | | निजामतिसेवा ऐन २०४९ को दफा ७ (ख) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । लेखापरीक्षण योजना अनुसा २ महिनाको तलब भत्ता भुक्तानी अवस्थाको तथ्याङ्क परीक्षण गर्दा पालिकामा कार्यरत कर्मचारीको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएको तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन गर्नु पर्दछ । | |

| तलब भुक्तानी भएको महिना | कर्मचारी सं. | जम्मा तलब भत्ता | सासु कर कट्टी | पारिश्रमिक कर कट्टी |
|---|---|---|---|---|
| श्रावण | २६ | ११०१४४७ | ९७२६.६६ | ० |
| अषाढ | २८ | १२२८८९५.५ | ९९४९.१५ | |
| | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०.३</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४०.४</td><td></td><td></td><td>संघीय सरकारवाट हस्तान्तरित शसर्त अनुदान वापतको रकम जुन कार्यक्रमको लागी विनियोजन भएको हो सोही शिर्षकमा खर्च लेख्नु पर्दछ । पालिकाले निम्न भौ. नं. मितिवाट स्वास्थ्य तर्फको कर्मचारीको तलब शिर्षक नं. २११११ मा विनियोजन भएको रकम स्वास्थ्य चौकीमा विद्युत जडान गरी खर्च लेखाङ्कन गरेको छ । शिर्षक फरक पारी लेखेको खर्च नियम सम्मत देखिएन । रु........
<table>
<tr><th>भौ. नं. मिति</th><th>विनियोजन भएको शिर्षक</th><th>खर्च भएको शिर्षक</th><th>रकम</th></tr>
<tr><td>१६६।०७८।३।२५</td><td>स्वास्थ्य तर्फको तलब</td><td>विद्युत्त जडान कार्य</td><td>१०१०५५</td></tr>
<tr><td>१६८।०७८।३।२६</td><td>स्वास्थ्य तर्फको तलब</td><td>विद्युत्त जडान कार्य</td><td>६४७७३</td></tr>
<tr><td>१७६।०७८।३।२८</td><td>एक गाउँ एक प्राविधिक को तलब</td><td>पालिकाको अन्तरिक कर्मचारीको तलब</td><td>८२४५६०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>९९०३८८</td></tr>
</table></td><td>९९०,३८८</td></tr>
<tr><td>४१</td><td></td><td>२०७८-११-१७</td><td>ल्याव स्थापना :<br>गाँउपालिका कृषिशाखाले ल्याव स्थापना गर्न भनि गौ. भौ नं ३८ मिति२०७८।३।२३ Digital Soil Testing Mini Lab 14 Parameter Set with Digital soil Testing Meter pen drive Electrode meter PH Electrode Met विटिएल ट्रेड प्रालि ललितपुरबाट खरिद गरिएकोमा हाल सम्म ल्याव स्थापना भएको पाइएन । ल्याव स्थापनार्थ खरिद गरिएका सामान हाल सम्म पनि प्रयोग भएको नपाइएकोले सामानको सहि सदुपयो गर्ने तर्फ ध्यान दिनु पर्दछ । आषाढ अन्तिम हप्ता खरिद गरेको सामान हालसम्म पनि प्रयोगमा नल्याएकोमा खर्च मितव्ययि देखिन आएन । यस्तो खर्च नियमित गराई नियन्त्रण गर्नुपर्ने रु ……४,९८,०००.००</td><td>४९८,०००</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>पकेट क्षेत्रः<br>पकेट क्षेत्रको सम्बन्धमा देखिएको व्यहोरा देहायका छन् ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>बढी भुक्तानीः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुवल, २०७७ तथा कृषकसंग गरेको सम्झौतामा ५० प्रतिशत अनुदान दिने भनि उल्लेख छ । पालिकाले पकेट क्षेत्र विकास कार्यक्रमको लागी निम्न कृषकलाई अनुदान भुक्तानी गर्दा कृषकसंग गरेको सम्झौता भन्दा बढी अनुदान उपलव्ध गराएको छ । सम्झदता भन्दा बढी भुक्तानी गरेको अनुदान वापतको रकम नियम सम्मत देखिएन । रु........
<table>
<tr><th>भौ. नं. मिति</th><th>कार्यक्रम</th><th>अनुदान प्राप्त गर्ने संस्था</th><th>पेश भएको विल भरपाई</th><th>५० ले दिनु पर्ने अनुदान रकम</th><th>दिएको अनुदान रकम</th><th>बढ भुक्तानी रकम</th></tr>
<tr><td>१९५।०७८।३।३०</td><td>बाख्रको पकेट</td><td>ईच्छाकामना दुग्ध तथा मासु उत्पादन समूह ईच्छाकामना-६</td><td>१२५१७५९</td><td>६२५८७९.५</td><td>७५००००</td><td>१२४१२०</td></tr>
<tr><td>१९६।०७८।३।३०</td><td>बंगुर पालन</td><td>मिलिजुली बंगुर पालन कृषक समुह -७</td><td>१२८२०९७</td><td>६४१०४८.५</td><td>९५३०००</td><td>३११९५१</td></tr>
<tr><td>१९४।०७८।३।३०</td><td>तरकारी खेती</td><td>श्री तामिन कृषि सहकारी संस्था लि. ईच्छाकामना-५</td><td>१०६५७५५</td><td>५३२८७७.५</td><td>६०००००</td><td>६७१२३</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३५९९६११</td><td>१७९९८०५.५</td><td>२३०३०००</td><td>५०३१९४</td></tr>
</table>
</td><td>५०३,१९४</td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>पकेट क्षेत्रः प्रधानमन्त्री कृषि आधुनिकिकरण परयोजना व्यवस्थापन इकाई खुमलटार, ललितपुरले प्रकाशन गरेको प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुवल, २०७७ को ४.१.५ मा कार्यक्रम संचालन अवधि तथा पकेट संख्या अन्तरगत स्थानिय तहको प्रत्येक वडामा कम्तिमा २ वटा पकेट छनैट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम संचालन गरिने उल्लेख छ ।यसैगरी परियोजना कार्यान्वयन म्यानुवल, २०७७ को ४.१.९.२ (क) मा पकेट निर्धारणकोलागी तालिका नं. १ मा उल्लेख भए बमोजिमको आधार पुरा भएको पकेटमा उत्पादन र उत्पादकत्व बृद्धिका कार्यक्रमहरु प्रथमिक्ताका साथ संचालन गर्नुपर्ने र (ग) मा स्थानिय तहको स्वीकृत लाभान्वीत वर्गको सहभागितामा प्रविधिक समितिले तालिका नं २ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येवाट लाभान्वीत वर्गको आवश्यकता र प्रविधिक दृष्टिकोणले उपयूक्त क्रियाकलापहरुको छनौट गरी स्थानिय दररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरगत अनुदानमा निम्न अनुसारको पकेट संचालन गरी रु. २७,५३,००० .०० अनुदान वापत भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न अनुसार छन् :</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| भौ. नं. मिति | कार्यक्रम | कृषि फर्म | अनुदान रकम |
|---|---|---|---|
| १९२।०७८।३।३० | ड्रागन पकेट क्षेत्र | जगत ज्योती कृषि फर्म ईच्छाकामना- ६ | ६००००० |
| १९२।०७८।३।३१ | ड्रागन पकेट क्षेत्र | एकता आर्गानिक फर्म ईच्छाकामना -६ | ६००००० |
| १९४।०७८।३।३० | तरकारी पकेट क्षेत्र | तामिन कृषक सहकारी संस्था लि. ईच्छाकामना-५ | ६००००० |
| १९६।०७८।३।३० | बंगुर पालन | मिलिजुली बंगुर पालन कृषक समुह -७ | ९५३००० |
| | जम्मा | | २७५३००० |

- स्वीकृत लाभान्वीत वर्गको सहभागितामा प्रविधिक समितिले तालिका नं २ मा उल्लेख भएका क्रियाकलापको सूची मध्येवाट लाभान्वीत वर्गको आवश्यकता र प्रविधिक दृष्टिकोणले उपयूक्त क्रियाकलाप छनौट गरी स्थानिय दररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार तथा सो बमोजिमको कार्य सम्पन्न प्रतिवेदन पेश गरेको देखिएन ।
- कृषक समूहले पकेट कार्यक्रममा प्रयोग हुने विउ तथा उपकरण खरिद गर्दा प्रतिश्पर्धि विधि प्रयोग नगरी एउटै आपूर्तिकर्ता संग पटक पटक र ५ लाख भन्दा बढीको खरिद कार्य गरेको देखियो । प्रकृया पुराहुनेगरी प्रतिश्पर्धि खरिद गर्नुपर्दछ ।
- निर्देशिकाको व्यवस्था अनुसार अनुगमन प्रतिवेदन तथा विषयगत प्रगति तयार गरी परियोजना कार्यान्वयन इकाई र जिल्ला स्थित कृषि क्षेत्र हर्ने कार्यालयमा पठाउनु पर्ने देखिन्छ ।
- पकेट क्षेत्रमा लगाईएको वाली, खरिद भएको बोयरबाख्रा तथा बंगुरको पाठोको विमा गराएको छैन । साथै स्वास्थ्य अवस्थाको सम्बन्धमा हेल्थ सर्टिफिकेट पेश गरेको देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | २०७८-११-१७ | **पारिश्रमिक भुक्तानी :**<br>सर्वशान्ति क्याम्पस संचालन अनुदान अन्तर्गत गो.भौ नं. ७ मिति २०७७।६।९ बाट सहायक क्यामपस प्रमुख श्री भविश्वर गुरुङ्गलाई मासिक रु. १८,५००.०० का दरले १३ महिनाको पारिश्रमिक रु. २,४०,५००.०० भुक्तानी गरेको छ । भविश्वर गुरुङ्ग संकेत नं १४८४४६ निमावि तृतिय शिक्षक राष्ट्रिय आधारभुत विद्यालय फिस्लिंग बाट समेत मासिक रुपमा तलब भत्ता लिएको देखिएकोले दोहोरो हुने गरि गाँउपालिकाले खर्च लेखाङ्कन गरेको नियमित देखिएन । क्याम्पसम विहानी अतिरिक्त कक्षा लिए वापत प्रति कक्षााका दरले पारिश्रमिक प्रदान गरेको छलफलको क्रममा जानकारी प्राप्त भएको छ । सम्वन्धित क्याम्पस मार्फतनै यस्तो सुविधा उपलव्ध गराउने गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ । रु...................... | २४०,५०० |
| ४४ | | २०७८-११-१७ | **कानुनी सल्लाहकार :**<br>कानुनी सल्लाहाकारःबागमतीप्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरु को सुविधा सम्बन्धी ऐन,२०७४ (पहिलो संशोधन) समेतमा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव तथा सल्लाहकार राख्ने व्यवस्था गरेको देखिदैन । यसैगरी स्थानीय सरकार सन्चालन ऐन, २०७४ दफा ८३८ ले तोकेको भन्दा फरक पदमा कर्मचारी पदपुर्ति गर्न नहुने उल्लेख छ गरेको छ । गाउँपालिकाले कानुनी सल्लाहाकार नियुक्त गरी भुक्तानी खर्च लेखेको नियमानुसार भएको नदेखिएको रु…………………………………………………………....४५५०००.०० | ४५५,००० |
| ४५ | | २०७८-११-१७ | **पदाधिकारी सुविधा :**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०५५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भए अनुसार अनुसुचि २ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको कामशुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था छ । वागमती प्रदेश सरकारले प्रथम संसोधन मिति २०७७ वैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धि ऐनको अनुसुचि १ मा उल्लेख भएको सुविधा मात्र दिन मिल्ने देखिन्छ ।नगर पालिकाले पदाधिकारीको बार्षिक सुविधा भुक्तानीमा रु. ५१,५७,०००.०० खर्च लेखाङ्कन गरेको छ । | |
| ४६ | | २०७८-११-१८ | **कार्यक्रम खर्च :**<br>बालबालिका, महिला, दलित, तथा जनजातिहरुलाई सचेतनामूलक, सीप सिकाउने जस्ता सफ्टवेयरका कार्यक्रममा गैर सरकारी संस्थासँग सम्झौता हुने गरेको छ । विगतका वर्षदेखि नै यस प्रकारका तालिम वर्षैपिच्छे हुने गरेका थिए । यस्ता तालिम कार्यक्रमको अद्यावधिक अभिलेख राखी नराखेको, लाभग्राहीको छनौट पारदर्शीनभएको, एउटै प्रशिक्षकले दैनिक पूरै कक्षा सञ्चालन गरेको, कार्य सञ्चालन निर्देशिका, २०७५ ले तोकेभन्दा बढी प्रशिक्षक भत्ता र खाना तथा खाजा खर्च गरेको जस्ता कारणले तालिममा अनावश्यक खर्च हुने गई तालिम औचित्यपूर्ण र प्रभावकारीसमेत देखिएको छैन । गाउँपालिकाले बजेट विनियोजन गर्दा प्रतिफल दिने किसिमको कार्यक्रम छनौट गरी आय आर्जन हुने र सीपमूलक कार्यमा लगानी गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | २०७८-११-१८ | **भत्ता लेखाङ्कन :**<br>विश्वव्यापी फैलियको महामारी कोभिड १९ तथा यसको असरका कारणले पारेको प्रभावलाई आधार लिइ पालिकामा विभिन्न वैठकहरु भ्रचुयल वैठक वसेको पाइयो । यसरी अनलाईन तथा भर्चुअयल वैठक वसेको आधारमा साविककै दरमा वैठक भत्ता लिने गरेको पाइयो ।अर्थ मन्त्रालयको वैठक भत्ताकै दरमा वैठक भत्ता तथा खाना खर्च लिने गरेको पाइयो । यसरी लिएको खाना तथा खाजा खर्च कार्यालयले दिने गरेकोमा नियम सम्मत देखिएन । भौ नं ३१४ मिति २०७८।१२।८ विषयगत समिति गोष्टी सञ्चालन तथा सिकाई उपलव्धि कार्यत्रम गरेको भनि गरिएको भुक्तानी नियम सम्मत मान्न सकिएन यसरी गरिने खर्चहरु निमय वनाई खर्च गर्नु पर्नु रु....................................७३५००.०० | ७३,५०० |
| ४८ | | | **झुलुङ्गे पुलः**<br>बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई भुक्तानी दिनु पर्ने व्यबस्था छ । जम्बल खोला झुलुङ्गे पुल निर्माणको लागी संघीय सरकारवाट रु. ३७,३५,७८७.०० नगद र रु. ३,३८,२२०.०० जिन्सी सहयोग गरी रु. ४०,७४,००७.०० , गाउँपालिकावाट रु. २,६५,६९६.१२ र उपभोक्ता समितिवाट रु. ८८,५६५.३७ गरी रु. ४४,२८,२६८.७५ को कुल लागत अनुमान तयार भएको छ । जस मध्ये उपभोक्ता समितिले गर्नु पर्ने कार्यको छुटै रु. २५,९५,४६८.८० को लागत अनुमान तयार भई जम्बल खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसंग सम्झौता भई रु. २६,००,२५३.२६ कार्य सम्पन्न प्रतिबेदन पेश भएको छ । उक्त कार्यको सम्झौता अनुससार भुक्तानी दिनु पर्नेमा पहिलो रनिङ्ग विलवाट रु. १६,७२,३७६.३७र फाईनल विलवाट रु. ९,६०,६७५.०० गरी रु. २६,३३,०५१.३७(कन्टिन्जेन्सी बाहेक) भुक्तानी दिएको छ । सम्झौता रकम रु. २५,९५,४६८.८० मा उपभोक्ताको अंश रु. ८८,५६५.३७ घटाई बाँकी रु. २५,०६,९०३.४३ भुक्तानी दिनु पर्नेमा रु. २६,३३,०५१.३७ भुक्तानी दिएकोले रु. १,२६,१४७.९४ बढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम असुल हुनु पर्दछ । रु........... | १२६,१४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **हरिपुर खोला कल्भर्ट :**<br>पालिकाको वडा नम्बर-७कार्यालय जाने बाटोमा पर्ने हरिपुर खोलामा गत आर्थिक वर्ष २०७६।७७ मा आएको बाढीलेस्लाभ कल्भर्टबगाएको स्थानमा पुनः यस आर्थिक वर्षमा स्लाभ कल्भर्ट निर्माण गर्न रु २० लाख बजेट विनियोजन भएको तथा रु. २०,४८,९१०.०० को लागत अनुमान तयार गरी पालिकाबाट रु. १७,४१,५७३.८१ तथा उपभोक्ता समितिबाट रु. ३,०७,३३६.५५ व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार कार्य सुरु गरेपश्चात् निर्माणाधिन अवस्थामा रहेको एवुटमेन्टको जगमा२०७८।२।३१ गते आएको बाढीले पुरेपछि प्रविधिक लगायतको टोलिले फिल्डअनुगमन गरी सोही कामलाई निरन्तरता दिन नसकिने ठहर भएपछि पुनः कामको विवरण परिवर्तन गरी रु. १३,२४,९७२.६१ को लागत अनुमान तयार गरी कार्य शुरु गरेकोमा मिति २०७८।३।१६ गते राति आएको बाढीले निर्माणाधिन अवस्थामा रहेको स्लाभ कल्भर्ट र निर्माण सामाग्री बगाएको जनाएको छ । दोस्रोपटक पनि बाढीलेक्षति पुर्याएपछि प्रहरी मुचुल्का तथा प्राविधिकको मूल्यांकनका आधारमा रु. ७,२०,०००.०० क्षति भएको रकम उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । स्लाभकल्भर्ट निर्माण गर्ने स्थानको भौगोलिक अवस्थिति र निर्माण शुरुवातको मौसमी अवस्थामा ध्यान नपुर्याई पटकपटक कार्य गराउँदा क्षति पुग्न गई लक्ष्य अनुसार निर्माण सम्पन्न नभएको र लागत बढ्दै गरएको अवस्था छ । भौगोलिक अवस्थिति तथा मौसमी अनुकुलता अध्ययन गरि यस्ता स्थानमा निर्माणकार्य डिजाईन तथा सम्पन्न गर्न पालिकाले विशेष ध्यान पुर्याउनु पर्ने देखिन्छ । | |
| ५० | | | **भवन निर्माण :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्नेश्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । सोही नियममा उपभोक्ता समितिमार्फत निर्माण गरिएका आयोजनाको मर्मत सम्भारको जिम्मा उपभोक्ताको हुने गरी हस्तान्तरण समेत गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका उपभोक्ता समितिलाइ हस्तान्तरण नहुने सरकारी भवन निर्माण कार्य समेत उपभोक्ता समितिमार्फत गराउने गरेको देखियो । हस्तान्तरण नहुने तथा जटिल प्रकृतिका काम समावेश भएका निर्माण कार्य उपभोक्ताबाट निर्माण गर्नु उपयुक्त देखिएन । यसका केही उदाहरणहरु देहाय बमोजिमछन् : | |

| भौ नं.।मिति | योजना।उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|
| २२५।२०७८।२।२८ | वडा नं २ कार्यालय भवन निर्माण उपभोक्ता समिति | १०००००० पेश्की |
| २८४।२०७८।३।१७ | मायाटार खोप केन्द्र प्रसुती गृह निर्माण उपभोक्ता समिति | ७९७००० प्रथम विल |
| ३०२।२०७८।३।२२ | लामिडाडा स्वास्थ्य चौकी मवन निर्माण उपभोक्ता उपभोक्ता समिति | १०००००० |
| ११२।२०७७।१२।५ | लामिडाडा स्वास्थ्य चौकी मवन निर्माण उपभोक्ता उपभोक्ता समिति | १०००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td>358</td><td>२०७८-३-२८</td><td>उद्योग संघ :<br>चितवन उद्योग संघ र पालिका विच मिति २०७७।१२।६ मा भएको सम्झौताको बुंदा नं. ४ मा प्रथम पक्ष (चितवन उद्योग संघ) ले ईच्छाकामना गाउँपालिका भित्रका उद्योगहरुलाई आई पर्ने विभिन्न विपदमा प्रथम पक्षले तयार गरेको कार्यविधि बमोजिम सहयोग गर्ने, औद्योगिक तथ्याङ्क संकलन गर्ने, तालिम आवश्यकता निर्धारण गर्ने, प्रशिक्षकको व्यवस्था तथा कार्यक्रम संचालन गर्ने लगायतका भूमिका रहेको उल्लेख छ । त्यसै गरी बुंदा नं. ३ मा औद्योगिक राहत कोषका लागी वीउ पुँजिको रुपमा आ. व. २०७७।७८ का लागी प्रथम पक्षले पेश गरेको प्रस्तावका आधारमा गाउपालिकाले बजेट निकासा गरिदिने उल्लेख छ । पालिकाले भौ. नं. ३५८।२०७८।३।२८ वाट रु ५ लाख निकासा गरेको छ । तर सम्झौतामा उल्लेख भए बमोजिम प्रथम पक्षले के कस्तो प्रस्ताव पेश गरेको र के के क्रियाकलापहरु संचालन गरिए सोको कुनै प्रमाण कागजात पेश भएको छैन । निकासा रकमवाट सम्झौता बमोजिमका काम भए / नभएको सम्बन्धमा अनुगमन गरी उदेश्य अनुरुप क्रियाकलाप गरेको सुनिश्चित हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>चिस्यान केन्द्र :<br>पालिकाबाट संचालित योजनाअनुसार पालिकाको वडा नम्बर ४ मा रहेको साना किसान कृषि सहकारी संस्था लिमिटेड अन्तर्गत चिस्यान केन्द्र निर्माणका लागि रु. ८,८८,१७४.०० को लागत अनुमान तयार गरी पालिका बाट रु. ८,००,०००.०० र उपभोक्ता समिति बाट रु. ८८,१७४.०० बेहोर्ने गरी सम्झौता भएबमोजिम प्राविधिक मूल्याङ्कन एवम् कार्य सम्पन्न प्रतिवेदनका आधारमा रु. ८,००,०००.०० भुक्तानी गरेको छ । सम्झौता तथा भुक्तानी गर्नु अघि टिप्पणी सदर गर्दा कन्टिजेन्सी बापत रु. २४,०००.०० कट्टी गर्ने उल्लेख भएकोमा कट्टी नगरी भुक्तानी गरेको कारण पालिकाबाट भएको प्राविधिक कार्यमा हुने वर्क चार्ज स्टाफ खर्च लगायतमा अतिरिक्त खर्च हुने देखिन्छ । लेखापरीक्षणको क्रममा उक्त चिस्यान केन्द्र बारे छलफल गर्दा चिस्यान केन्द्र निर्माणका लागि आवश्यक मेशिनरी उपकरणहरु खरीद गरी जडान गरिसकेको तर सञ्चालनमा आइनसकेको जानकारी प्राप्त भयो । नाफामूलक संस्थालाई चिस्यान केन्द्र स्थापना गर्न अनुदान दिनुपर्नाको कारण स्पष्ट भएन । पालिकाले दिएको अनुदानबाट स्थापना गरेको चिस्यान केन्द्र उद्देश्य अनुरुप सञ्चालन गराउन पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो बर्ष लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्ष सम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><td colspan="3">रु.हजारमा</td></tr>
<tr><td>गत वर्षको सम्मको बेरुजू रु.</td><td>यो वर्ष फछ्र्यौट</td><td>बाँकी बेरुजू</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>
मिति २०७८ भाद्र २ को नवौं गाउँ सभाको दोश्रो बैठकबाट बेरुजु उपर छलफल भई खर्च समर्थन गरी नियमित गर्ने निर्णय निर्णय नं १३ अनुसारको माईन्यूट समावेश गरी मिति २०७७।११।२५ को गाउँपालिकाको बेरुजु फछ्र्यौट गर्ने जिम्मेवार पदाधिकारी मार्फत सम्परीक्षणका लागि प्राप्त पत्रका आधारमा जिम्मेवार पदाधिकारीले फछ्र्यौट गरी पेश गरे अनुसार देहाय अनुसार सम्परिक्षण भएको छ । सम्परीक्षण स्वीकृति पछि लगत कट्टा सम्वन्धि जानकारी उपलव्ध गराइने छ ।
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | क्रमश | दफा | आ. व. | संक्षिप्त व्यहोरा | फछ्र्यौटको व्यहोरा | संपरीक्षण रु. | | |
| | | | १ | १४ | ०७४।७५ | थप सुविधा बढी भुक्तानी | आन्तरिक आय खातामा दाखिला | ४२५०० | | |
| | | | २ | ६१.४ | ०७६।७७ | बैठक भत्ता अनियमित | आन्तरिक आय खातामा दाखिला | १२७५ | | |
| | | | ३ | ६१.२ | ०७६।७७ | तालिम खर्च अनियमित | आन्तरिक आय खातामा दाखिला | १२७५ | | |
| | | | ४ | १ | ०७४।७५ | तलब बढी भुक्तानी | आन्तरिक आय खातामा दाखिला | ५७५५२ | | |
| | | | ५ | ५.१ | ०७४।७५ | जाँस पास गराउने | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ४१९१०६३ | | |
| | | | ६ | ५.२ | ०७४।७५ | उ. स. को खर्च नियम सम्मत नदेखिएको | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ४९००२४ | | |
| | | | ७ | ५.३ | ०७४।७५ | उ. स. को खर्च नियम सम्मत नदेखिएको | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ३८८०००० | | |
| | | | ८ | ७.४ | ०७४।७५ | दोहोरो खर्च देखिएको | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ३१६५३५ | | |
| | | | ९ | १६.११ | ०७४।७५ | कार्य क्षेत्र एकिन नभएको खर्च | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ३००००० | | |
| | | | १० | १९.१ | ०७४।७५ | मु अ कर संग खरिद नगरेको | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | २९२०५० | | |
| | | | ११ | २८ | ०७४।७५ | खर्च नियम सम्मत देखिएन | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | १७७३६०० | | |
| | | | १२ | ४३ | ०७४।७५ | अनियमित खर्च | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ३०२७१३ | | |
| | | | १३ | ४७ | ०७४।७५ | उ. स. मेसिनवाला संग सम्झदता नगरेको | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | २४४६०० | | |
| | | | १४ | ४८ | ०७४।७५ | लई तथा सम्झदताको कागजात पेश भएन । | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | १४०००० | | |
| | | | १५ | ५४ | ०७४।७५ | खर्च नियमित गर्नु पर्ने | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ४६३२६० | | |
| | | | १६ | ५९ | ०७४।७५ | खर्च नियमित गर्नु पर्ने | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | १२६३८४ | | |
| | | | १७ | ६२ | ०७४।७५ | खर्च नियमित गर्नु पर्ने | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | १३६१५२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १८ | ६४ | ०७४।७५ | खर्च नियमित गर्नु पर्ने | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ११०००० | |
| | | | १९ | ६५ | ०७४।७५ | खर्च नियमित गर्नु पर्ने | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | १९४५८६ | |
| | | | २० | ६७ | ०७४।७५ | खर्च नियमित गर्नु पर्ने | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ९७००० | |
| | | | २१ | ६८ | ०७४।७५ | खर्च नियमित गर्नु पर्ने | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ३३०५०१ | |
| | | | २२ | ८५ | ०७५।७६ | खर्च नियमित गर्नु पर्ने | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | ४३३४३४ | |
| | | | २३ | ९० | ०७५।७६ | खर्च नियम सम्मत नदेखिएको | नवौं गाउँ सभाको निर्णय अनुसार नियमित भएको | १९६३००० | |
| | | | २४ | ९४ पु | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. ग्राक्ट क्लब | १००००० | |
| | | | २५ | ९४ पु | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ.ग्राक्ट क्लब | ५००००० | |
| | | | २६ | ९४ चा | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. सुरेश थापा | १९२४६०० | |
| | | | २७ | ९४ चा | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. कल्पना राना | १०१८४०० | |
| | | | २८ | ९४ चा | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. पामडाँडा | ५०००० | |
| | | | २९ | ९४ चा | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. पामडाँडा | ५०००० | |
| | | | ३० | ८०.१ | ०७६।७७ | नपुग रकम असुल | दाखिला | ५६८०० | |
| | | | ३१ | ८०.१ | ०७६।७७ | नपुग रकम असुल | दाखिला | २००० | |
| | | | ३२ | ८३ | ०७६।७७ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमापे.फ. त. भ. | ४८७४०० | |
| | | | ३३ | ३१ | ०७४।७५ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. दिपक | ५००० | |
| | | | ३४ | ४० | ०७५।७६ | दुई मध्ये एक असुल | बैंक भौचरका आधारमा | २४०००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३५ | ८३ | ०७६।७७ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. सुजन | १८५००० | | |
| | | | | ३६ | ९४ | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. राजन | ८०००० | | |
| | | | | ३७ | ९४ | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ.दारेचोक | ५०००० | | |
| | | | | ३८ | ९४ | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. दारेचोक | ५०००० | | |
| | | | | ३९ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. दामोदर | १८१५०९ | | |
| | | | | ४० | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. दामोदर | १८८६४३० | | |
| | | | | ४१ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. दामोदर | १९०१४९० | | |
| | | | | ४२ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. दामोदर | १५२७६०० | | |
| | | | | ४३ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ.देवीरमण | १६५२२६५ | | |
| | | | | ४४ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. देवीरमण | १८७२३०० | | |
| | | | | ४५ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. देवीरमण | १८३००० | | |
| | | | | ४६ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. निलकण्ठ | ४४५७४०० | | |
| | | | | ४७ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. निलकण्ठ | १०६४३९२ | | |
| | | | | ४८ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. निलकण्ठ | ४३६७१२३ | | |
| | | | | ४९ | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. निलकण्ठ | ९३०००० | | |
| | | | | ५० | १.५ | ०७३।७४ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ.निलकण्ठ | ५८६६५२ | | |
| | | | | ५१ | ९४ पु | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ.ईच्छाकामना मं. नि. उ. स. | ४८५०००० | | |
| | | | | ५२ | ९४ चा | ०७५।७६ | पेशकी फछ्यौंट हुनुपर्ने | कागजका आधारमा पे.फ. धन | २४५०४०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३ | ९४ चा | २०७५।७६ | पेश्की पछ्यौंट हुनु पर्ने | कागजातका आधारमा पे.फ.चन्द्रा | ३६०७२०० |
| ५४ | ९४ पु | २०७५।७६ | पेश्की पछ्यौंट हुनु पर्ने | कागजातको आधारमा पे. फ. एन्जल्स/जे.के. | ३९४२१० |
| ५५ | ८० | २०७५।७६ | प्रमाण पेश भई फछ्यौंट | कागजातको आधारमा फछ्यौंट | ११३००० |
| ५६ | १५.१ | २०७४।७५ | प्रमाण पेश भई फछ्यौंट | कर दाखिला भौचर पेश | ३००० |
| ५७ | ७.२ | २०७४।७५ | प्रमाण पेश भई फछ्यौट | कर दाखिला भौचर पेश | १६२६९३ |
| | | | जम्मा | | ५२८७७३६८ |

५४

अद्यावधिक बेरुजु स्थिति :

गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ:

(रु. हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| | | | | |